# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क १८, पूर्णाङ्क ११३ | २०७४ कात्तिक १ गते बुधबार | Wednesday, 18 Oct. 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## एक थोपा रगत छउन्जेल सीमारक्षाका लागि लडिरहन्छु



अन्तरवार्ता .पृष्ठ ३ मा

# अक्टोबर क्रान्तिको शतवार्षिकी भव्य रूपमा मनाइँदै

## नेकपाका महासचिव विप्लवले खुलामञ्चमा सम्बोधन गर्ने

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले अक्टोबर क्रान्तिको शतवार्षिकी भव्य रुपमा मनाउने भएको छ। नेकपाको गत साता पोखरामा सम्पन्न केन्द्रीय समितिको बैठकले काठमाडौँको खुलामञ्चमा कात्तिक आठ गते (अक्टोबर २५ तारिख) दसौँ हजार जनसमुदायको बीचमा अक्टोबर क्रान्तिको शतवार्षिकी समारोह आयोजना गर्ने निर्णय गरेको थियो । शतवार्षिकी समारोहलाई प्रमुख वक्ताका रुपमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सम्बोधन गर्नुहुने नेकपाले जनाएको छ।

रुसमा भी. आई. लेनिनले सन् १९१७ को अक्टोबर २५ (नयाँ पात्रोअनुसार नोभेम्बर ७) मा मजदुरको नेतृत्वमा सशस्त्र सहरी विद्रोह गरी जारको शासन कब्जा गरेर समाजवादी क्रान्ति सम्पन्न गर्नुका साथै सोभियत सत्ता स्थापना गर्नुभएको थियो। रुसी समाजवादी क्रान्ति सम्पन्न भएको एक सय वर्ष पूरा भएको सन्दर्भमा यो वर्षभरि संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरुले उत्सवका रुपमा अक्टोबर क्रान्ति शतवार्षिकी कार्यक्रम मनाइरहेका छन् । अक्टोबर क्रान्ति सम्पन्न भएको रुसमा आगामी नोभेम्बर ४ देखि ९ तारिखसम्म संसारभरका समाजवाद पक्षधरहरुको सहभागितामा शतवार्षिकी मनाउने तय भएको जानकारी आयोजक पार्टीका एक नेता दिमत्रीले दिएका छन्।



यसैबीच नेपाल कम्युनिस्ट पार्टीले अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमको पूर्वसन्ध्यामा एक अपिल प्रकाशित गर्दै समारोह भव्य रुपमा मनाउन आह्वान गरेको छ । पार्टी केन्द्रीय समितिले ' अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी भव्य रूपमा मनाऔँ ! वैज्ञानिक समाजवादको बाटोमा दृढतापूर्वक अघि बढौँ ‼' मूल नारा दिएर जारी गरेको अपिलको पूर्ण पाठ यसप्रकार छ :

'प्रत्येक क्रान्तिको अर्थ हुन्छ, विशाल सङ्ख्यामा जनताको जीवनमा आकस्मिक घुम्ती । यस्तो घुम्तीका लागि समय परिपक्व भएको छैन भने कुनै पनि वास्तविक क्रान्ति हुन सक्तैन । जसरी कुनै व्यक्तिको जीवनमा कुनै पनि घुम्तीले उसलाई धेरै नै सिकाउँछ, उसलाई धेरै नै अनुभव तथा अनुभूति भेल्न बाध्य बनाउँछ, त्यसरी नै क्रान्तिले सम्पूर्ण जनतालाई धेरै कम समयमा अत्यन्त मर्मस्पर्शी र मूल्यवान् शिक्षा दिन्छ।'

-लेनिन, क्रान्तिको शिक्षा, १९१७।

आदरणीय जनसमुदाय !

लेनिनको यो संश्लेषण सन् १९१७ को पुँजीवादी फेब्रुअरी क्रान्ति र वैज्ञानिक समाजवादी अक्टोबर क्रान्तिको बीचका तुफानी दिनहरूको महत्वपूर्ण संश्लेषण हो। क्रान्ति साँच्चै नै जनताको जीवनमा आकस्मिक घुम्ती हो। आकस्मिक घुम्तीको अर्थ हुन्छ हिँडिरहेको सीधा सडकबाट पूर्वानुमान ... बाँकी पृष्ठ ७ मा

## भोजपुरामा जनसरकार पुनर्गठन



■ रातोखबर संवाददाता/वीरगन्ज

भोजपुरा स्यायत्त प्रदेश जनप्रतिनिधिसभाको दोस्रो भेला असोज २९ र ३० गते वीरगन्जमा सम्पन्न भएको छ। नेकपाको नारायणी ब्युरोअन्तर्गत बारा, पर्सा र रौतहट तीन जिल्ला (बागमती नदी र नारायणी नदीबीचको तराई) लाई भोजपुरा प्रदेश मानिएको छ। यहाँ भोजपुरी भाषा र संस्कृतिबहुल समाज छ।

भेलाले ३५ सदस्यीय ... बाँकी पृष्ठ ७ मा

## शिक्षामन्त्री थुनिए

नेकपा निकट अखिल क्रान्तिकारीलगायत आठ विद्यार्थी सङ्गठनले शिक्षामन्त्री गोपालमान श्रेष्ठलाई कार्यकक्षमा एक घन्टा थुनेर मन्त्रालय परिसरमा नाराबाजी गरेका छन्। बिहीबार सम्पन्न आठ विद्यार्थी सङ्गठनको निर्णयअनुसार शिक्षामन्त्रीलाई शुक्रबार १२ बजेदेखि १ बजेसम्म शिक्षा मन्त्रालयमै थुनिएको हो । सीटीईभीटीबाट कलेजलाई सम्बन्धन दिने निर्णय बदनियतपूर्ण तरिकाले गराउने र नेपालको शिक्षा क्षेत्रलाई तहसनहस पारेको भन्दै शिक्षामन्त्री श्रेष्ठलाई संयुक्त विद्यार्थी सङ्गठनहरूले बहिष्कार गर्ने निर्णय गरेको जानकारी अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहले दिए।

विद्यार्थी सङ्गठनहरूले दसैँतिहारको मौका पारेर प्राविधिक शिक्षा सीटीईभीटीभित्र विभिन्न खालका चलखेल गरेको र केही कलेजलाई सम्बन्धन दिने भनी गरिएको निर्णय खारेज गर्न माग गरेका छन् । उनीहरूले विभिन्न शैक्षिक सुधारका माग राख्दै एमबीबीएसमा भर्ना हुने विद्यार्थी शुल्क सरकारले तोकेको मापदण्ड कार्यान्वयन गराउन र सरकारी ... बाँकी पृष्ठ ७ मा

## हत्या आरोपी गच्छदार काङ्ग्रेसमा


■ रातोखबर संवाददाता/वीरगन्ज

२०३८ साल मङ्सिरमा विराटनगरको अखिलको जुलुसमा विजयकुमार गच्छदारले गोली प्रहार गरेर विद्यार्थी नेता फणिन्द्र तिमल्सिनाको हत्या गरेको आरोप उनीमाथि लाग्दै आएको छ । त्यसपछि आक्रोशित विद्यार्थीले उनलाई पिटी आँखा फुटाइदिएर फालेका थिए। उनको एउटा आँखा अझै 'ड्यामेज' छ। गच्छदार त्यसबेला नेविसङ्घका नेता थिए । २०६४ सालमा गिरिजाप्रसाद कोइरालासँग पदको भागबन्डा नमिलेका कारण उपेन्द्र नेतृत्वको फोरममा प्रवेश गरेका थिए। उपेन्द्रसँग पनि पद बाँडफाँटमा कुरा नमिलेपछि गच्छदारले फेरि फोरमबाटफुटेरफोरमलोकतान्त्रिकगठनगरेकाथिए। १० वर्षपछिसोमबारगच्छदार पुनः नेपाली काङ्ग्रेसमै फर्किए। उसबेला नेपाली काङ्ग्रेसले मधेसको भावना नसमेटेको आरोप लगाएकागच्छदारलेअहिले काङ्ग्रेसले मधेसलाई कसरी सम्बोधन गऱ्यो त ? त्यसको चित्तबुझ्दो जबाफ दिन सकेका छैनन्। फोरमसँग भागबन्डा नमिलेको र गत स्थानीय चुनावमा ... बाँकी पृष्ठ ७ मा



## अक्टोबर क्रान्ति शतवार्षिकी मनाउँदै नागरिक समाज

■ रातो खबर संवाददाता




सोनाम साथी, शरद पौडेल, मुरारि अर्याल, रघु घिमिरेलगायत नागरिक समाजका सदस्यहरूको आयोजनामा अक्टोबर क्रान्ति शतवार्षिकी समारोह वार्षिक कार्यक्रमसहित मनाइने भएको छ। असोज ७ गते राजधानीमा भएको प्रबुद्ध व्यक्तिहरूको भेलाले असोज २८ गते प्रदर्शनीमार्गस्थित नेपाल कानुन क्याम्पसको सभाकक्षमा बृहत् भेला आयोजना गर्ने निर्णय गरेको थियो । उक्त भेलाले ' अक्टोबर क्रान्ति शताब्दी वर्ष उत्सवको उपलक्ष्यमा अपिल' शीर्षकको मस्यौदा प्रस्ताव पनि पारित गरेको छ। शरद पौडेल र मुरारि अर्यालले पालैपालो सहजीकरण गर्नुभएको उक्त भेलाले ८८ सदस्यीय मूल समारोह समिति र २५ सदस्यीय सचिवालय पनि गठन गरेको छ । दरबारमार्गस्थित महेन्द्रको सालिक आसपासमा बृहत् सांस्कृतिक कार्यक्रम, कवितागोष्ठी, फोटो प्रदर्शनी, चलचित्र प्रदर्शनी, सडकमा एक हजारजनाले खिर खाने-खुवाउने, नाच्ने-गाउने, क्रान्तिकारी गाउँ सुखानी, पिस्कर, थबाङ, जुगेडीलगायतस्थानमा जनसभा ... बाँकी पृष्ठ ५ मा

## जनगणतन्त्र कोरियाविरुद्धको अमानवीय नाकाबन्दी : विश्व शान्तिमाथि आक्रमण

देश/परिवेश

■ धर्मेन्द्र बास्तोला



७ सेप्टेम्बर २०१७ मा संयुक्त राष्ट्रसङ्घ सुरक्षापरिषद्ले तत्काल लागू हुने गरी "नाकाबन्दीसम्बन्धी प्रस्ताव २३७५" पारित गरी प्रजातान्त्रिक जनगणतन्त्र कोरियाविरुद्ध आपूर्ति, तेल, ग्याँस एवम् पेट्रोलियम बिक्री, हस्तान्तरण, टेक्सटाइललगायतमा प्रतिबन्ध लगाएको छ।

न्युयोर्क टाइम्स पत्रिकाले उल्लेख गरेअनुसार संयुक्त राज्य अमेरिकाले पूर्वी एसिया, मुख्यतः चीन र रुसलाई समेत सैनिक कारबाहीमा तानेर त्यहाँको सत्ता विघटन गराई आफ्नो प्रभुत्व विस्तार गर्न अमेरिकी नाकाबन्दी कडा गर्दै बाह्य विश्वसँग म्एच्प को कारोबारलाई नियन्त्रण गर्न आदेश दिएको छ । कडा नाकाबन्दी र कोरियन प्रायःद्वीपमा अमेरिकाको सैनिक गतिविधिले भीषण युद्धको चिन्ता बढाएको छ। यसले बिस्तारै ध्रुवीकरण गर्दै आणविक हतियारसहितको तेस्रो विश्वयुद्धको लक्षण देखाएको छ। यसले अरू विश्वका नागरिक र ने.क.पा.को समेत गम्भीर ध्यानाकर्षण गराएको छ।

यी सबै द्वन्द्वको कारण र केन्द्रमा अमेरिका छ । विगत ६ दशकअघि किम इल सुङको नेतृत्वमा अमेरिकी सेनालाई पराजित गरी म्एच्प स्थापना भएपछि यी देशहरू युद्धविरामको अवस्थामा रहेका छन् । त्यसपछि किम जोङ इलको नेतृत्वमा रहेका कोरियाली जनता, तत्कालीन रुस, चीन, क्युबा र भियतनामका जनताहरू विश्वशान्ति, समृद्धि र सामर्थ्यका अग्रदस्ता बनेका छन्। कोरिया आर्थिक, सामाजिक, सांस्कृतिक र सैनिक दृष्टिले साम्राज्यवादका विरुद्ध अभेद्य किल्ला र चुनौती बनेर रहेको छ। कोरियाको आर्थिक विकास र जीवनस्तरमा सुधारलाई रोकी साम्राज्यवादी ... बाँकी पृष्ठ ८ मा

## सम्पादकीय

# अक्टोबर क्रान्तिको शतवार्षिकी र यसको बढ्दो सान्दर्भिकता

यो अक्टोबर क्रान्तिको शतवार्षिकी वर्ष हो । यतिबेला संसारभरका क्रान्तिकारी कम्युनिस्टहरू अक्टोबर क्रान्तिको शतवार्षिकी मनाइरहेका छन् । अक्टोबर क्रान्तिको शतवार्षिकी एउटा उत्सवका रूपमा मनाउनुको अर्थ यसको सफलताको सान्दर्भिकता कायमै छ र त्यो अझै बढिरहेको छ भन्ने सन्देश दिनु हो र त्यसमा लामबद्ध हुन प्रेरित गर्नु हो । अक्टोबर क्रान्ति अर्थात् महान् लेनिनको नेतृत्वमा रुसी कम्युनिस्ट पार्टी बोल्सेभिकको अगुवाइमा मजदुरवर्गले जार शाहसकको प्रतिक्रियावादी सत्ता कब्जा गरी कम्युनिस्टको विजयको रातो झन्डा फर्फराएको, संसारलाई दमन गर्ने साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादलाई धुलो चटाएको गौरवशाली दिन र उत्सव हो । मार्क्सवादको सफल प्रयोग भएर लेनिनवादको जग निर्माण भएको महान् उत्सव हो यो । मार्क्सवाद-लेनिनवादको सफल प्रयोग हुनुको सान्दर्भिकता संसारकै उत्पीडित, दमित, श्रमिक वर्गको हातमा सत्ता प्राप्तिको सुखद सन्दर्भ हो । त्यसैले संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरू यस दिनलाई श्रमिक वर्गको मुक्तिको दिनका रूपमा हर्षोल्लाससाथ मनाइरहेका छन् र मनाउनुपर्छ पनि । यसै सिलसिलामा नेपाल कम्युनिस्ट पार्टीले पनि अक्टोबर क्रान्ति सम्पन्न भएको दिन २५ अक्टोबर (८ कात्तिक) मा काठमाडौँमा भव्य आमसभासमेत गरी अक्टोबर क्रान्ति शतवार्षिकी दिवस मनाउने तयारी गरेको छ । यसले संसारभरका कम्युनिस्टहरूमा क्रान्तिकारी रक्तसञ्चार गर्नेछ र अक्टोबर क्रान्तिको आवश्यकता र औचित्य उत्तिकै छ र रहिरहनेछ भन्ने सन्देश पनि दिनेछ ।

रुसमा अक्टोबर सफल क्रान्ति भएर समाजवाद स्थापना भएको एक सय वर्ष पुगेको छ । पेरिस कम्युन लामो समयसम्म जोगिन नसके पनि महान् लेनिनको अगुवाइमा मजदुर नेतृत्वमा सशस्त्र विद्रोहमार्फत रुसमा क्रान्ति सम्पन्न भएपछि त्यसको लहर संसारकै श्रमिक, उत्पीडित र सर्वहारावर्गमा पर्‍यो र समाजवाद स्थापनाको अभियान नै चल्यो । त्यही लहरले संसारको एक तिहाइ भूभाग (सोभियत रुस, मङ्गोलिया, जनगणतन्त्र कोरिया, चीन, भियतनाम, क्युबा, लाओस, कम्बोडिया, पोल्यान्ड, हङ्गेरी, चेकोस्लोभाकिया, रुमानिया, अल्बानिया, पूर्वीजर्मनी, युगोस्लाभिया) का जनता समाजवाद उपयोग गर्न सक्षम भए । यद्यपि चीनमा माओले सहरी सशस्त्र विद्रोहको कार्यदिशामा विकास गरी दीर्घकालीन जनयुद्धका माध्यमबाट चीनमा समाजवाद स्थापना गर्नुभएको थियो ।

अक्टोबर क्रान्ति लेनिनको नेतृत्वमा मार्क्सवादको सफल प्रयोग थियो र त्यो सहरी विद्रोहको एउटा सफल कार्यदिशा थियो । महान् माओले रुसी मोडेलमा विकास गर्दै नयाँ जनवादी क्रान्तिका माध्यमबाट पनि मार्क्सवाद-लेनिनवादको सिर्जनशील प्रयोग गरी समाजवाद स्थापना गर्न सकिन्छ भन्ने उदाहरण दिँदै चीनलाई मुक्त गर्नुभयो । यसको लहर पनि विश्वव्यापी रूपमा पर्‍यो । श्रमजीवी किसानको नेतृत्वमा माओले चीनलाई मुक्त गराउनुभयो । गाउँले सहरलाई घेर्ने दीर्घकालीन जनयुद्धको नीति अवलम्बन गरेर माओले मार्क्सवाद-लेनिनवादको सफल प्रयोग गर्नुभयो । माओको निधनपछि पनि टर्की, फिलिपिन्स, मलाया, चिली, इन्डोनेसिया, निकारागुवा, पेरू, नेपाल, भारतलगायत संसारका कयौँ मुलुकमा चिनियाँ मोडेलका क्रान्तिहरू आरम्भ भए । नेपालमा हजारौँको बलिदान, बेपत्ता र अङ्गभङ्गपछि जनयुद्धले सफलताको शिखर चुम्नै लाग्दा क्रान्तिभित्रबाटै दलाल र गद्दारहरू जन्मिए र त्यसलाई स्वाहा पारे । पेरूमा कमरेड गोन्जालोको गिरफ्तारीपछि त्यो मुर्झायो । भारतलगायत मुलुकमा आशालाग्दो तरिकाले जनयुद्ध चलिरहेकै छ । कतिपय कार्यदिशा विकासमा देखिएका समस्या, सामन्तवाद, पुँजीवाद र साम्राज्यवादको बदलिँदो भ्रष्टीकृत स्वरूप र दमन, विचार विकासमा देखिएको जडता आदि सीमा र समस्याका कारण कतिपय जनयुद्ध दुस्मनका कारणले र कतिपय आफ्नै सीमाका कारणले सफल हुन सकिरहेका छैनन् तर पनि संसारभर वर्गसङ्घर्षको दावानल दन्किरहेको छ ।

यसै सिलसिलामा रुसी सशस्त्र सहरी विद्रोह र चिनियाँ दीर्घकालीन जनयुद्धको सफल प्रयोगसँगै नेपालमा एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा विकास भएको छ । यो दास विद्रोहदेखि पेरिस कम्युन र अक्टोबर क्रान्ति हुँदै चिनियाँ जनवादी क्रान्ति, नेपालको जनयुद्ध, संसारभरकै न्यायपूर्ण युद्ध र क्रान्तिहरूबाट पाठ सिकेर विकास भएको दर्शन, विचार र कार्यदिशा हो । पेरिस कम्युन हुँदै अक्टोबर क्रान्ति, कोरियाली क्रान्ति, चिनियाँ नयाँ जनवादी क्रान्ति, नेपाल, पेरू, भारतलगायत मुलुकमा जारी जनयुद्धका विभिन्न अनुभवहरूलाई पनि यसले संश्लेषण गर्ने प्रयास गरेको छ । साम्राज्यवाद, विस्तारवाद, दलाल पुँजीवाद, भ्रष्ट संसद्वाद र तिनका मतियारहरूले कम्युनिस्ट आन्दोलनमाथि गरिरहेको हमला, संसद्वादीहरूले कम्युनिस्ट आन्दोलनमाथि फिँजाइरहेको भ्रम, मार्क्सवाद-लेनिनवाद र माओवादमाथि गरिरहेको प्रहार, उनीहरूले न्यायपूर्ण युद्ध र क्रान्तिमाथि गरिरहेको गोयबल्स शैलीको आक्रमणका विरुद्ध मार्क्सवाद लेनिनवाद माओवाद जीवित छ र यो संसारबाट मानिसबाट मानिसमाथि भइरहेको दमन, शोषण र व्यभिचार अन्त्य नभएसम्म, यो समाजमा मानिस-मानिसबीच समानतामूलक, राज्यविहीन राज्यसत्ता साम्यवाद स्थापना नभएसम्म यसको औचित्य र अपरिहार्यता कम हुने होइन, अझै बढिरहेको छ र बढिरहनेछ भन्ने साबित गर्नु अक्टोबर क्रान्तिको मूल सन्देश हो । त्यसैले यसको औचित्य र सान्दर्भिकता झनै बढेको छ । हामी यस अवसरमा अक्टोबर क्रान्ति सफल गरेर रुसमा समाजवाद स्थापना गर्नुका साथै संसारभरका उत्पीडित वर्गमा आशाको सञ्चार प्रवाह गर्ने महान् लेनिन, क्रान्तिकारी रुसी जनता, रुसमा सोभियत सत्ता निर्माण गरी लेनिनवाद स्थापना गर्ने र हिटलरी साम्राज्यवादलाई ध्वस्त पारेर समाजवादको लहर ल्याउने महान् क्रान्तिकारी नेता स्टालिनलाई हृदयैदेखि स्मरण गर्न र उहाँहरूले देखाएको क्रान्तिको बाटोमा अविचल हिँडिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# युरोपमा बृहत् सम्मेलन



**एसबी छन्त्याल**

पुँजीवादी मिडियाहरूले ख्रुस्चेभको उदय र सोभियत सङ्घको विघटनसँगै विश्वमा अक्टोबर क्रान्तिको औचित्य पनि सकिएको भन्दै गला फाटुन्जेल धुवाँधार प्रचार गरिरहेका छन् । तर सन् १९१७ को अक्टोबरमा सम्पन्न अक्टोबर क्रान्तिको जाज्वल्यमान इतिहास र आन्दोलनलाई पुँजीवादी खुफियाहरूले असफल पार्न हरतरहको विधि अपनाए पनि यसको महत्व झन् बढ्दै गएको छ ।

युरोपकै मुटुमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स जन्मिए । युरोपबाटै समाजवादी आन्दोलनको विगुल विश्वभरि घन्कियो । सोभियत युनियनमा लेनिनले अक्टोबर क्रान्ति गरेपछि समाजवादी आन्दोलनको उचाइ झन् चुलियो । लेनिनले सोभियत युनियनमा समाजवादी व्यवस्था हाँकुन्जेल




विश्वभरका पुँजीवादीहरूको निद्रा हरायो । सन् १९१७ को अक्टोबर क्रान्तिले ल्याएको समाजवादी लहरलाई रोक्न अनेकौँ घुसपैठहरू भए र सन् ९० को दशकतिर आइपुग्दा सोभियत युनियन छिन्नभिन्न पारिए पनि अहिले फेरि अक्टोबर क्रान्तिका पक्षमा युरोपका चर्चित सहरका सडक, गल्ली र चोकचोकमा जताततै घनीभूत छलफल र बहसहरू भैरहेका छन् । गगनभेदी नाराजुलुस, हडताल, सभासम्मेलन हरेक साताजसो भैरहेका समाचारहरू हेडलाइन बन्छन् । पुँजीवादले सर्लक्कै संसार निल्न खोजे पनि समाजवादी आन्दोलनको सिंहावलोकन गर्न विश्वभरबाट अक्टोबर क्रान्तिको महत्वलाई उजागर गर्दै र जुर्मुराउँदै अगाडि बढ्न थालेका छन् । गौरवशाली महत्व बोकेको अक्टोबर क्रान्तिले १०० वर्ष पार गरेको अवसरमा आईएलपीएस (इन्टरनेसनल लिग अफ पिपुल्स स्ट्रगल्स) ले नेदरल्यान्डको आम्सटर्डाममा एक भव्य सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा विश्वका २२ देशबाट वैज्ञानिक समाजवादमा आबद्ध राजनीतिक पार्टीका नेताहरू, डाक्टर, प्राध्यापक, जोशिला युवा, जिज्ञासु महिला तथा पत्रकारहरूको जमघट रहेको थियो ।

सेप्टेम्बर महिनाको १६ र १७ मा बेल्जियमको वर्कर्स पार्टीले समुद्र किनारमा रहेको रमणीय सहरनजिकैको सहर ब्रेदेनमा समाजवादी विचार र आन्दोलनप्रति ऐक्यबद्धता जनाउन एक भव्य कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा १२ हजार जनसमुदायले सहभागिता जनाएका थिए । बेल्जियमका प्रायः सबै समाचारमाध्यमहरूले त्यो सचेत जमघटलाई प्रमुख स्थान दिएर महत्वका साथ प्रसारण गरेका थिए । हाम्रो मोर्चाले पनि उक्त कार्यक्रममा सहभागिता जनाएको थियो । त्यहाँ पनि युरोप, ल्याटिन अमेरिका, मध्यपूर्व, एसियालगायत सबैजसो महादेशका शुभेच्छुक, समर्थकहरूको सहभागिता थियो ।

सहभागीमध्ये फिलिपिन्स कम्युनिस्ट पार्टीका अग्रजहरूको टिम नै आएका थिए । उनीहरूले सेप्टेम्बर २३ र २४ मा आम्सटरडाममा आयोजना गरिएको सम्मेलनमा निम्ता गरेका थिए । हुनत आयोजक सङ्गठनले सम्बन्धित सबैलाई आधिकारिक पत्राचार पहिले नै गरिसकेको थियो । अग्रजहरूको टिमले आत्मीयताका साथ गरेको निम्ताले थप ऊर्जा थपियो र नेपाली जनप्रगतिशील मोर्चा, युरोपका तर्फबाट प्रतिनिधित्व गर्दै अध्यक्ष विष्णु भुजेल, उपाध्यक्ष वदन योङहाङ र मैले उक्त सम्मेलनमा भाग लियौँ । पहिलो दिन हामी पुग्दापुग्दा फिलिपिन्स कम्युनिस्ट पार्टीका संस्थापक अध्यक्ष जोसे मारिया सिसन र रसियन नेत्री इरिना मालेन्कोले किनोट स्पिचमाथि छलफल चलिरहेको थियो । एकदमै अनुशासित, व्यवस्थित, उत्सुक र शान्त वातावरणमा ध्यानपूर्वक प्रस्तुति सुन्दै थिए सहभागीहरू । हामी पनि छलफलमा सहभागी भयौँ ।

हलमा चिया, कफी, पिउनका लागि तातो र चिसो पानीलगायत फलफूल मिश्रित पानीको यथेष्ट व्यवस्थापन, मध्यान्तर र साँझ मेस (सामूहिक खानपिन) का लागि भेज र नन भेजको परिकार, असाध्यै हार्दिक र निकटता व्यक्त गर्ने सहयोगी र व्यवस्थापकहरू, त्यहाँको वातावरण हेर्दा अति व्यस्त दिनचर्याबाट ऊर्जाशील हुन विशेष स्थानमा पुगेजस्तो भान हुन्थ्यो । सम्मेलनको पहिलो दिन सिसन, इरिणा र माले दल जर्मनीका पूर्वअध्यक्ष स्टेफन एङेलको कनोट स्पिचमा आउँदा दिनमा पनि अक्टोबर क्रान्तिको जस्तै अर्को विश्वक्रान्तिमा छलाङ बन्न सक्छ कि सक्दैन ? विश्वमा यसको महत्व र चासो अझ व्यापक हुँदैछ कि छैन ? यो क्रान्तिको उपलब्धिलाई संरक्षण गर्दै नयाँ शिराबाट अगाडि बढ्न सकिन्छ कि सकिँदैन ? साम्राज्यवादीको चङ्गुलबाट उम्कन अक्टोबर क्रान्तिको उपादेयता के छ ? भन्ने प्रश्नहरूमा व्यापक छलफल, प्रश्नोत्तर र बहस भएका थिए ।

पहिलो दिन बहसको तेस्रो चरण ब्रेकलगत्तै हरेक देशका पार्टीको विशेष नारा भन्ने र सबैले ऐक्यबद्धता जनाउने कार्यक्रम थियो । सबै देशकाले आफ्नो देशका तर्फबाट नारा लगाउनुपर्ने नियम बनाए । हाम्रो पालोमा विष्णु भुजेलले नेपालमा क्रान्ति निरन्तर जारी छ, नयाँ तरिकाबाट क्रान्ति अगाडि बढ्दैछ । १० बर्से जनयुद्धले हासिल गरेका उपलब्धिहरूको रक्षा गर्दै पुनः क्रान्तिको उभार उर्लंदैछ । व्यापक रूपमा जनताको समर्थन र सहयोग जुटाउँदै क्रान्तिले गति लिँदैछ । यसको नेतृत्व क. विप्लवले गर्नुभएको छ । यसको राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्ति हो भन्दै एकीकृत जनक्रान्ति जिन्दावादलाई अर्थ्याउँदै साथ दिन अनुरोध गरेपछि सबैले मुठी उठाएर जोशका साथ एकीकृत जनक्रान्ति जिन्दावाद भन्दै नारा घन्काए । यो क्षण हाम्रा लागि गौरवमय अनुभूति रह्यो । पहिलो दिनको कार्यक्रमको अन्तिममा विभिन्न देशका सांस्कृतिक झलक प्रस्तुत गर्नुपर्ने थियो र हामीले माइला लामाको 'खोज्दछन् मेरा यी आँखाहरू...' स्लाइड देखाएका थियौँ । यो सहिदहरूको सम्मान र सम्झनामा निर्माण भएको भिडियो हो भनेर छोटो प्रस्तुति पछि देखाइएको उक्त भिडियोले हललाई स्तब्ध बनाएको थियो । करिब नब्बे वर्षको हाराहारीमा रहेका कमरेड सिसन बसिरहेको कुर्सीबाट उठेर भित्तामा आड लगाई उक्त भिडियो हेरेका थिए ।

सम्मेलनको दोस्रो दिन प्रोफेसर फ्रेड एङ्स्टले सुधारवादका विरुद्ध महान् सर्वहारा सांस्कृतिक क्रान्ति विषयमा कार्यपत्र पेस गरेका थिए । उनले चीनको अहिलेको आर्थिक अवस्था, विश्वमा यसको प्रभाव, राजनीतिक परिवर्तन र माओले चलाएको सांस्कृतिक क्रान्तिका बारेमा प्रस्ट पारेका थिए । रेड पार्टी नर्वेका पेर गुनार स्कोटानले हामी विश्वको सबैभन्दा धनी देशको नागरिक भए पनि पुँजीवादी राज्यव्यवस्थाले सबैलाई न्याय नदिएको र साम्राज्यवादी देश अमेरिकाको आर्थिक, सैनिक निगरानीले सिङ्गो युरोप हैरान भएको उल्लेख गरेका थिए । साम्राज्यवादी दादागिरीले सिङ्गो विश्वभरका जनता आक्रान्त भएका छन् । यस्तो समयमा अक्टोबर क्रान्तिको महत्व अझै बढेको राय व्यक्त गरेका थिए ।

नेपाल र नेपाली क्रान्तिको विषयले प्रवेश पाएपछि हलमा जोजति देशका प्रतिनिधिहरूसँग हामीले भेटघाट र छलफल गर्‍यौँ ती सबैले प्रचण्ड र बाबुरामले क्रान्तिलाई धोका दिएको, हजारौँ सहिदको सपनामा कुठाराघात गरेको, महान् जनयुद्धको मर्मलाई संसदीय व्यवस्थामा लगेर व्यापार गरेको र क्रान्तिको धज्जी उडाएको तिक्त आक्रोश पोखेका थिए । त्यहाँ उपस्थित प्रतिनिधिहरूलाई नेपालको क्रान्तिले धोका खाएको, असफल भएको भन्ने टिप्पणीमा एकीकृत जनक्रान्तिले छिट्टै गुणात्मक फड्को मार्ने र तपाईंहरूको नेपाली क्रान्तिप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता, चासो, चिन्ताबारे पार्टीलाई जानकारी गराउने बाचा हामीले गरेका थियौँ । सोही अवसरमा विशेष अतिथिका तर्फवाट नेदरल्यान्ड्सस्थित भेनेजुयलाका राजदूत एल्भारो एनरिक सन्चेज कोर्डेरोले युरोपकै एक मुख्य सहरमा यति धेरै समाजवादी क्रान्तिमा प्रतिबद्ध कमरेडहरू जमघट हुनुहुन्छ भन्ने मैले सोचेकै थिइनँ । तपाईंहरूको यो उपस्थितिले म असाध्यै उत्साहित छु । भेनेजुयलाले अक्टोबर क्रान्तिको महत्वलाई बुझेर नै समाजवादी आन्दोलन जारी राखेको छ तर साम्राज्यवादी अमेरिका र पुँजीवादका ऐँजेरुले हरेक कोणबाट घेराबन्दी गरेकाले हामीले सोचेको सफलता पाइरहेका छैनौँ । क्रान्ति र समाजवादलाई लक्ष्यमा पुर्‍याउन खोज्ने जुनसुकै देश बहुआयामिक हुनुपर्दो रहेछ भन्ने बुझेका छौँ र तपाईंहरूमा पनि यो अनुभव बाँड्न चाहन्छु । विश्वभरबाट यसरी नै प्रतिबद्ध हात र साथहरू जुटिरहनुपर्छ, हामी सफल हुन्छौँ भनेका थिए ।

कार्यक्रममा छलफल सत्रको अन्तिम वक्ताका रूपमा मोर्चाका अध्यक्ष विष्णु भुजेलले मन्तव्य राखेका थिए । मन्तव्यका क्रममा उनले अक्टोबर क्रान्तिको महत्वका बारेमा धेरै चर्चा भयो, राम्रो भयो तर वर्तमानमा त्यसबाट शिक्षा लिएर क्रान्ति अगाडि बढाउने कुरामा भने छलफल कम भएको हो कि ? भन्ने टिप्पणी गरे । उनले नेपालका बारेमा चर्चा गर्दै समाजवादी क्रान्ति कसरी विघटन हुन्छ भन्ने कुरा पछिल्लो समयमा नेपालको अवस्थालाई अध्ययन गरे पनि पुग्ने दाबी गरेका थिए । महासचिव विप्लवले नेतृत्व गरेको नेकपाले नेपालको वर्तमान अवस्था, विश्वसाम्राज्यवादले विकास गरेको चरित्र, पार्टीभित्रको अन्तरविरोधलाई हल गर्ने पद्धतिमा विकास, वैज्ञानिक समाजवादको रूपरेखा र नेपालमा नयाँ जनवादी क्रान्ति हुँदै समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि एकीकृत जनक्रान्तिको कार्यदिशा लिएर अगाडि बढेकाले यो विषयमा गहन अध्ययन, अनुसन्धान, समर्थन र ऐक्यबद्धता व्यक्त गर्न आग्रह गरेका थिए । मन्तव्यका क्रममा उनले नेकपाको अहिलेको राजनीतिक, साङ्गठनिक अवस्थाको पनि चर्चा गरेका थिए । नेपालमा पनि नेकपाको आयोजनामा हजारौँको सङ्ख्या उपस्थित भएर अक्टोबर क्रान्तिको एक शताब्दी धुमधामका साथ मनाउँदैछन् भनेर जानकारी गराएका थिए ।

यो दुईदिने भव्य पिपुल्स कन्फेरेन्सलाई आईएलपीएसका महासचिव म्याल्कोम गुयले सञ्चालन गरेका थिए । उनले कार्यक्रमको निमन्त्रणालाई स्वीकारेर आएका २२ देशका ८० प्रतिनिधिलाई धन्यवाद र आभार व्यक्त गर्दै अर्को वर्षको ग्रीष्मकालीन सम्मेलनबारे जानकारी गराए । अन्त्यमा अन्तर्राष्ट्रिय गीत गाउँदै सामूहिक तस्बिर खिचायौँ र सन् २०१८ जुलाईमा मेक्सिको सिटीमा भेट्ने वाचाका साथ अविस्मरणीय अनुभव सँगालेर हामी बेल्जियम फर्कियौँ ।

### एकदिने गोष्ठी हुँदै

**आगामी कात्तिक १० गते 'सञ्चार र जनपक्षधरताको प्रश्न' विषयक एकदिने गोष्ठी काठमाडौँमा हुने भएको छ । अनिल शर्माद्वारा अवधारणापत्र प्रस्तुत हुने उक्त गोष्ठीमा वरिष्ठ सञ्चारकर्मीहरूले टिप्पणी गर्नेछन् । उक्त कार्यक्रममा उपस्थितिका लागि अनुरोध छ ।**

**– रातो खबर प्रकाशनगृह**

# एक थोपा रगत छउन्जेल सीमारक्षाका लागि लडिरहन्छु

**देवनारायण यादव**
सीमा बचाउ अभियान, सप्तरी

(२०१४ सालमा सप्तरी जिल्ला, तिलाठी कोइलाठी १ मा जन्मिएका देवनारायण यादवले बिहारको दरभङ्गाबाट २०३५/०३६ मा प्रवेशिका परीक्षा स्तरको पढाइ पूरा गरेका हुन्। २०६२/०६३ को जनआन्दोलनमा एकपटक १२ दिन र अर्कोपटक १ महिना राजविराज प्रहरी हिरासतमा बसेका थिए। गत वर्ष नेपाल-भारत सिमानामा नेपाली बस्ती डुबाउने गरी भारतीय पक्षले बाँध बनाउँदा भएको झडपमा उनी भारतीय पक्षको आक्रमणमा घाइते भएका थिए। नेपाली पक्षले भारतीयलाई लखेटेर बाँध भत्काए। त्यो महान् देशभक्तिपूर्ण प्रतिरोधको नेतृत्व गरेपछि एकजना गुमनाम गाउँले देवनारायण एकाएक चर्चाको शिखरमा पुगे। उनलाई केही दिनअघि भ्रूठो आरोपमा पक्राउ गरेपछि उनी फेरि चर्चामा छन्। सीमा बचाउ अभियानमा प्रमुखसमेत रहेका उनै यादवसँग रातो खबर साप्ताहिकको कार्यालय बागबजारमा झनक श्रेष्ठ र भीमप्रसाद चापागाईंले गर्नुभएको वार्ताको सम्पादित अंश)



- **देवनारायणजी, रातो खबर साप्ताहिकका तर्फबाट यहाँलाई स्वागत र देशभक्तिका लागि धन्यवाद छ। आजभोलि यहाँको दिन कसरी बित्दैछ ? बताइदिनुस् न।**

म किसान पेसामा छु। खेतीपाती गर्छु। समय बचाएर सामाजिक काम गर्छु। गिरफ्तारीबाट छुटेपछि भेटघाट बढेको छ। घरव्यवहारको काम र सामाजिक कामले गर्दा व्यस्तता बढेको छ।

- **हालै भारतीय प्रहरीले तपाईंलाई पक्राउ गरेर भूठा मुद्दा लगाएको छ। त्यसको कारण के हो ?**

मेरो गिरफ्तारी कुनै आकस्मिक घटना होइन। धेरै पहिलेदेखि भारतले दागा धरिरहेको थियो। सिमाना भारत र नेपाल दुवैतिर सडक छ। २० वर्षयता भारतले सिमा क्षेत्रमा उच्च सडक र बाँध निर्माण गरिरहेको छ। त्यो काम



हरेक वर्ष अगाडि बढाइरहेको छ। त्यसले पानीको स्वाभाविक बहावलाई अवरुद्ध गरेर नेपालतर्फ पानी जमेको छ। नेपाली भूभाग डुबानमा परेको छ। खिलराज रेग्मीको कार्यकालमा तत्कालीन सिँचाइमन्त्री उमाकान्त झाले तिलाठीको भ्रमण गर्नुभएको थियो। काम रोक्ने सहमति भयो। तर भारतीयले फेरि बाँध बनाउन सुरु भयो। मन्त्रीले निवेदन माग गर्नुभएको थियो। त्यो निवेदन काठमाडौँस्थित भारतीय दूतावासमार्फत दिल्ली पठाएपछि निर्माणकार्य बन्द भएको थियो। बिहार सरकारका प्रमुख इन्जिनियर र नेपालको जलउत्पन्न प्रकोपका जनकपुर प्रतिनिधिले स्थलगत भ्रमण गरेका थिए। साथमा जिल्ला इन्जिनियर रत्नेशलाल कर्ण पनि थिए। नेपालको जमिनको सतहभन्दा ८ मिटर अग्लो बाँध र सडक थियो। त्यो रोक्न आदेश भयो। बाँध बनाउने नै भए सतहभन्दा एक मिटर तल बनाउने संयुक्त आदेश भयो। तर भारतीयहरूले रातिराति फेरि बाँध बनाउन थाले। इन्दिरा गान्धी स्वरोजगारको लगानीमा दरभङ्गा, कुनौली गाउँका मुखियाको नेतृत्वमा त्यो काम भएको रहेछ। भारत, बिहारका प्रमुख इन्जिनियरले त्यो काम रोक्न आदेश गरे। थुपारेको माटो सम्याउन पनि नपाउने अदेश भयो। त्यहाँ खाँडो र जिता नामका नदी छन्। ती नदीले भारततर्फ बर्सात्मा कटान गरे। त्यसपछि भारतीय पक्षले फेरि बाँध बनाउन थाले। नेपालतर्फ डुबान बढ्दै गयो।

नेपालको सशस्त्र प्रहरीका निरीक्षक डम्बर राना गएर बाँधमा सुतेर भने– मलाई यहीँ पुरेर बाँध बनाऊ। त्यसपछि बाँध बनाउने कार्य रोकियो। गत वर्ष असार १३ गते खाँडो नदीमा बाढी आयो। बाढीले बाँध भत्कायो। त्यसपछि फेरि बाँध बनाउन थाले। बाँध जङ्गे पिलरभन्दा पनि अग्लो थियो र नेपालतिरबाट रोक्ने, उनीहरूले बनाउन खोज्ने हुँदा झडप भयो। मैले सञ्चारकर्मीहरूलाई खबर गरेँ। मेरो कुरा सार्वजनिक भएपछि प्रभावित १० गाउँका जनता विवादित स्थलतिर आए। अपराह्न २ बजे मैले प्रहरी, सेना, सशस्त्र, प्रजिअ सबैको बीचमा बाँधको बाँस उखेलेर फालिदिएँ। कुनौली थानाको दरोगाले पेस्तोल ताक्दै आयो तर दुवैतर्फबाट संयमित भए।

- **झडप कसरी भयो त ?**

हामी नेपालतर्फ गुरुप्प भएर बसेका थियौँ। एकजना केटा भारततर्फ थियो। म उसलाई बोलाउन दसगजामा गएँ। त्यही बेला उनीहरू ठूलो समूहले मलाई घिसार्दै भारततर्फ लग्न खोज्यो। 'यो नै हो नाइके, यसलाई काटेर गड्डामा फालेपछि मात्र ठीक हुन्छ' भन्दै थिए। मेरै गाउँको अरुण राईले मलाई नेपालतर्फ तान्न थाल्यो। मलाई बाँसको कप्टेराले टाउको, ढाड जताततै पिटे। रगत बग्यो। मलाई नेपालीहरूले राजविराज अस्पताल लगे। त्यसपछि हाम्रा गाउँलेहरूले भारतीयविरुद्ध ठूलो लडाइँ लडे। उनीहरूलाई लखेट्दै, पिट्दै धेरै परसम्म पुऱ्याए। नेपालीहरू फर्किंदा भारतीयले बनाएको बाँध सबै भत्काइदिए। त्यसपछि दरोगा रिभल्भर लिएर नेपालतर्फ आयो। त्यसको रिभल्भर नेपालको सशस्त्र प्रहरीले खोस्यो। मैले त्यो हतियार लगेर कुनौली थानाका प्रभारी विनोद यादवलाई दिएँ। त्यो पेस्तोल मैले नै खोसेको भन्ने विनोद यादवलाई परेको रहेछ। त्यही कारण व्यक्तिगत रूपमा पनि थाना इन्चार्जले प्रतिशोध साधेको हुनसक्छ।

- **गिरफ्तारीको कारण के हो ?**

दशमीको भोलिपल्ट मेरो कान्छो छोरा नाटक हेर्न कुनौली गएछ। साथीहरूबीचमा सामान्य झगडा भएछ। ९ जनालाई थानामा लगेछ। नेपालीसँग चारचार हजार दिएर र भारतीयलाई त्यसै छोड्यो। छोरालाई छुटाउन गएको मलाई पनि समात्यो। मसँग ५० हजार मागेको थियो। मैले पैसा दिन्नँ भनेपछि अपहरणको मुद्दा लगाएर जेल चलान गरियो। त्यसबेला दरोगा र मेरोबीचमा भनाभन भएको थियो। मेरो ससुराली (बिहार) र घरतिरबाट गरेर सयौँ समर्थक थानामा आए। ससुरालीतिरबाट आउनेहरूले बन्दुक पनि बोकेका थिए।

- **तपाईंलाई केकस्तो यातना दिइयो ? छोरा अजयलाई नि ?**

दरोगाले भनाभन हुने क्रममा आँखाका डिलमा निलडाम अझै छ। फोहोरी गाली, धम्की दिए। अपमानित गरे। पिटेका पनि थिए। तर म पनि झुक्ने, डराउने मान्छे थिइनँ। छोरा अजयलाई पनि यातना र धम्की दिएछन्। म गएपछि भने उसलाई केही गरेनन्।

- **भारतीय स्वार्थमा काम गर्न लोभ-लालच र धम्की दिएनन् ?**

म लोभमा काम गर्दिनँ भन्ने उनीहरूले बुझेका थिए। त्यसैले त्यता लागेनन्। बरु विनोद यादव (प्रभारी) ले 'देवनारायणजी, आप मकान जाना है तो ५० हजार रुपैयाँ देना होगा' भनेका थिए। मैले ठाडै अस्वीकार गरिदिएँ। मेरो ठेगाना, हुलिया केही मिलेको थिएन। ' नझुक्नुस्, यिनीहरूको केही लाग्दैन' भनेर मेरा कानुनी सल्लाहकारहरूले भनेका थिए।

- **तपाईंलाई बिहार, वीरपुर अदालतले दिउँसो नै रिहाइको आदेश गरेको रहेछ। प्रहरीले राति ८ बजे मात्र छोड्नुको कारण के होला ?**

अदालतले १२ बजे बेल (जमानतमा रिहा) भयो भने तुरुन्त रिहा गर्नुपर्ने हो। तर प्रहरीले तत्काल छोडेन। साँझ ७ बजेसम्म राख्यो। मलाई स्वागत गर्न भारत र नेपाल दुवैतर्फका थुप्रै आफन्तहरू अदालत परिसरमा जम्मा भएका थिए। एक सयभन्दा बढीको सङ्ख्यामा थिए। मेरो समर्थनमा नारा, जुलुस होला, अपराधी भनेर थुनेको मान्छे छुट्दा यत्रो समर्थन ! भनेर जनतामा प्रभाव पर्ला भनेर रात पारेर छोडेको पनि हुनुपर्छ।

- **एक सातासम्म जेल, हिरासत, धम्की, अपमान सहनुभयो। अब त भारतीय ज्यादतीका विरुद्ध लड्नुहुन्न होला नि ?**

मेरो घर सिमानाको नजिकै छ। म नेपाली हुँ। त्यसमा कुनै शङ्का छैन। म भारतीय होइन, नेपाली नागरिक हुँ। नेपाली भएकोमा म गर्व गर्छु। नेपालको सिमाना मिच्ने, नेपालको बर्बादी गर्ने काम कसैले गर्छ भने म एक्लै भए पनि लड्छु। मेरो पछाडि मधेसी, पहाडी सबै दाजुभाइ छन्। सञ्चार र नेताहरू छन्।

- **तपाईंलाई सुरक्षाको चिन्ता लागेको छैन ? तपाईंलाई त मार्नुपर्छ भन्दा रहेछन् ?**

मरण कसैले चाहेर हुँदैन, संयोगको कुरा हो। भारतीय दूतावास र उसको थाना वा भारतका अपराधी समूहले गर्ने षड्यन्त्रबाट विचलित हुन्नँ। नेपाली जनताले मलाई ठूलो सम्मान दिएका छन्। त्यसलाई बचाएर राख्छु।

- **सीमा क्षेत्रका बासिन्दाले भारतबाट फाइदा लिएको चर्चा हुन्छ। रोटी-बेटीको कुरा हुन्छ। तपाईं त उनीहरूसँग लडिरहनुभएको छ। यहाँको भोगाइमा वास्तविकता के हो ?**

मेरो ससुराली भारत हो। मेरी बहिनीको ससुराली (घर) पनि उतै छ। मेरो दाजुको ससुराली पनि उतै छ। हामी मिथिला जातिका हौँ। मिथिला जाति धेरै भारतमा भएकाले हाम्रो विवाह उता हुने गर्छ। काम गर्न, व्यापार गर्न हामी पारितिर जान्छौँ। उनीहरू यतातिर आउँछन्। यसलाई रोटी-बेटी सम्बन्ध भन्ने गरिन्छ। आपसी सम्बन्ध पनि राम्रो छ। अर्को कुरा भारत ठूलो देश छ। त्यसो भनेर हेप्न, दमन गर्न पाइँदैन नि ! म मान्छे हो, हल्लामा होइन आफ्नो खोपडीले सोचेर चल्छु। मेरो जमिन मिचेपछि, डुबानमा पारेपछि मन दुख्छ नि ! जबसम्म मेरो शरीरमा एक थोपा रगत रहन्छ, देशका लागि म लडिरहन्छु।

- **सिमानामा समस्या तिलाठीमा मात्र हो कि अन्यत्र पनि छ ?**

झापामा एउटा राजवंशी टोल भारतले कब्जा गरिसकेको छ। रूपडिहा नजिकको नेपाली जङ्गल भारतले अतिक्रमण गरेको छ। सुस्ताको हजारौँ बिघा जमिन भारतले कब्जा गरेको छ। म तपाईंको सञ्चारमार्फत भन्छु– काठमाडौँको मान्छे गएर सीमाको रक्षा हुँदैन, गर्दैनन्। हामी सीमा क्षेत्रकै मान्छे लड्नुपर्छ। अरू देशभरिको नेपालीले हामीलाई सहयोग गर्नुपर्छ।

- **भारतको अदालतमा भूठो मुद्दाको तारेख धाउँदै गर्नुभएको होला नि ?**

मुद्दा तारेखको दिशामा गएकै छैन। एकदुईपटक जानुपर्ने हुनसक्छ। मेरो वकिलले केही गर्न सक्दैन, चाँडै सकिन्छ भनेको छ। मुद्दा चलाउने कुनै आधार उनीहरूसँग छैन।

- **यहाँलाई थप केही भन्न मन लागेको छ कि ?**

तपाईंलाई यो टेबुलमा बसेर हेर्दा मेरो कुरा सत्य नलाग्न पनि सक्छ। एकपटक तिलाठी गएर आफैँले हेर्नुभयो भने थाहा हुन्छ, भारतको हेपाइ कस्तो छ। दलका नेताहरू, सरकारका जिम्मेवार मान्छेहरू एकाएक तिलाठी पुग्नुपर्छ। मेची-महाकाली सबै समस्या भएको स्थानमा देशको माया भएका व्यक्तिहरू पुग्नुपर्छ। अलिअलि गर्दै नेपालको जमिन धकेल्दै उनीहरू नेपालतिर घुसिरहेका छन्। हामी लडिरहेका छौँ। सरकार, सञ्चार र नेताहरू सबैले हामीलाई सघाउनुपर्छ।



# मौलाउँदो भ्रष्टाचार : अस्थिर राजनीतिको परिणति


कलाधर आचार्य

**संसद्, संसदीय सुनुवाइ समिति र मन्त्रिपरिषद्बाट समेत भ्रष्टाचार गरेको ठहर भई अख्तियारमा उजुरी दर्ता भएर निलम्बनमा परेका गोपालबहादुर खड्काको मुद्दामा सर्वोच्च अदालतबाट सुनुवाइ हुँदा निजलाई पदमुक्त नगर्नू भनी पुनः आफ्नो पदमा फर्काइदियो । कस्तो बिडम्बना, अचम्म र घिनलाग्दो फैसला हो यो । अख्तियारले त दस, बीस हजार घूस लिएका सानातिना कर्मचारीहरूउपर मात्र निगरानी राख्छ र कारबाही गर्दछ तर ठूलाठूला मुद्दाहरूमा अर्बौंको मुठाले हिर्काइदिएपछि ढल्न पुग्छ र दिवास्वप्न देख्छ । के गर्नु खै, धनदेखि महादेवका पनि तीन नेत्र भनेझैँ छ ।**

मौलाउँदो भ्रष्टाचार : अस्थिर राजनीतिको उपलब्धि

कलाधर आचार्य

'पहिले आफू जवान हुँदा नेता बन्ने रहर थियो
अलि पछि देशभरका नेता गन्ने रहर थियो
हुँदाहुँदै आसै मर्‍यो त्यो पनि खै के हुने हो
एउटा सद्दे मान्छेलाई नेता भन्ने रहर थियो ।'

यो अभिव्यक्ति कवि तीर्थराज अधिकारीको हो । संविधान आएर पनि के गर्नु, समाधान त्यत्तिमा मात्र देखिँदैन, प्रयोगकर्ता नै बाँदर भएपछि कहाँ गएर शान्ति खोज्नु ?

२०७४ आश्विन १७ गते पुनः नेपालको इतिहासमा पुरानो माछा मार्ने जाल थोत्रो भएको र नयाँ जालको खोजी गर्दै कालो दिनको सुरुआत भयो । एकातिर 'वामएकता' र अर्कोतिर 'प्रजातान्त्रिक गठबन्धन' । चटकेले खेल देखाएझैँ क्षणिक समयका लागि भए पनि केवल चुनावबाट विजय प्राप्त गरी सत्तामा पुग्न र त्यहाँ पुगिसकेपछि भ्रष्टाचार गर्न यो नाटक रचिएको हो । पटकपटक टुटेफुटेका आफैँ सत्तामा छँदाछँदै सरकार छाड्ने र सरकारमा रहँदारहँदै पनि विपक्षीसँग तालमेल गर्ने यस्ता अवसरवादीको कसरी विश्वास गर्ने ? आगामी प्रदेश र केन्द्रको चुनावसम्म मात्र तालमेल हुन्छ नै, त्यसपछि आफूले जिते, स्वार्थ पूरा भए ठीक, नत्र बेठीक । सम्पूर्ण पार्टीहरूको तालमेल सोम शर्मा ब्राह्मणको सातुको घैँटो फुटेझैँ फुट्दछ र राजनीतिले अर्कै रूप लिन्छ । यो सही, सत्य हो, भविष्यले अवश्य बताउने नै छ । मुखले बोलेझैँ गरी व्यवहार गरे भएमा त राम्रै भयो । शान्ति र सुरक्षाको अनुभूति हुने नै थियो होला । खै कसरी विश्वास गर्नु, कुकुरले फोहोर कुरा पाए खाँदैन भनेर । बाँदरले आफ्नो घर पनि बनाउँदैन, अरूको घर पनि बनाउन दिँदैन, भत्काइदिन्छ । आजसम्म यसरी नै यही नियति दोहोरिँदै भोग्दै आइरहेको यथार्थ छर्लङ्ग देखिन्छ ।

२०७४ असोज १७ गते एउटा टेलिभिजनमा नेपालका कम्युनिस्ट विश्लेषक मानिने एक व्यक्तिको अभिव्यक्तिबाट यिनीहरूको सम्पूर्ण राजनीतिक चरित्रको पर्दाफास भैसकेको छ । उनले भनेका थिए- यिनीहरू यति निच र घृणित स्वभाव र चरित्रका छन्, भन्न र लेख्न पनि लाजमर्दो छ । तर सञ्चारमाध्यममा आइसकेको कुरा पङ्क्तिकारलाई लेखमार्फत प्रस्तुत हुन केको लाज । प्रधानमन्त्री बन्न पाइन्छ भने काठमाडौँ सहर र प्रत्येक गल्लीगल्लीमा समेत नाङ्गै हिँडी जो प्रस्तुत हुन्छ त्यही व्यक्ति नै देशको प्रधानमन्त्री बन्न पाउँछ भने पनि यिनीहरू पद, सत्ता र पैसाका लागि पछि हट्दैनन् । आजसम्मको क्रियाकलाप र इतिहास स्मरण गरी आचरण सुधार गरेमा र वाम एकता भएमा त देशका लागि हित हुने नै थियो । पशुहरू पनि एकपटक खाल्टोमा परेपछि पुनः त्यो बाटो जाँदैनन्, सतर्क हुन्छन् तर यिनीहरू पटकपटक मात्र नभई धेरैपटक खाल्टोमा पर्दा पनि होस नखुलेको कारण विश्वास गरिहाल्ने स्थिति देखिन्न ।

देशमा विद्यमान शान्तिसुरक्षाको कुरा गर्दा सर्पले मात्र सर्पको खुट्टा देख्छ भन्ने कुराको भेद यसरी खुल्यो । २०७४ असोज २५ गते एबीसी टेलिभिजनमा र न्युज २४ तथा सगरमाथा टेलिभिजनमा पटकपटक समय र मितिमा पूर्वडीआईजी केशव अधिकारीबाट प्रस्तुत भएको अभिव्यक्तिलाई सुन्दा तथा ध्यान दिँदा अचम्म लाग्यो । काठमाडौँजस्तो शान्तिसुरक्षाले बलियो र सुरक्षित मानिने ठाउँ, दिनदहाडै नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष शरदकुमार गौचनको हत्या किन, कसरी, कहाँबाट हुन पुग्यो ? योजनाकार मनोज पुनले फोनबाट प्रहरी अधिकृतलाई धम्की दिने अनि व्यवसायी सङ्घका अरू व्यक्तिहरूलाई समेत धम्क्याउने र हामी नै योजनाकार हौँ भनी प्रस्तुत हुँदाहुँदै पनि छाता ओढाई सुरक्षित तवरले राखी अपराधीहरूलाई कारबाहीको दायरामा ल्याउनको सट्टा राजनीति संरक्षणमा राख्नुको तात्पर्य के हो त ? '...भनेर नरुनू काल पल्क्यो भनेर रुनु' भनेजस्तै हो । आफैँले पालेको कुकुरले आफूलाई नै टोक्छ । कारबाही गरौँ त आफ्नै ज्यान खतरामा पुग्छ, सम्पूर्ण पोलहरू खुल्छन् । कारबाही नगरौँ त जनदबाब छ । यसरी 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार' यस्तो स्थिति पैदा भएको देखिन्छ । पाठकहरूलाई जिज्ञासा उत्पन्न भैरहेको होला, के हो त वास्तविकता ? उहाँकै भनाइअनुसार प्रहरी डिपार्टमेन्टलाई कानुनभित्र रही स्वतन्त्र रूपमा काम गर्न नदिनु, हाम्रो हात बाँध्नु, अपराधी गिरोहहरूलाई हतकडी लगाउने हातमा नै अप्रत्यक्ष रूपबाट हतकडी लगाउनु, काम गर्न खोज्दा रोक्नु, सक्षम व्यक्ति सही स्थानमा नहुनु, यसै कारणले यस्तो दुर्दशा हुँदै आइरहेको छ । दलाल, पुँजीपति, गुन्डा, तस्कर, चोर, डाँकाको इशारामा चल्ने र संरक्षण गर्ने प्रवृत्तिको अन्त्य नभएसम्म प्रहरी जतिसुकै चनाखो र सशक्त भए पनि यस्तै बेहाल भैरहन्छ । लाजमर्ने कुरा त तिनै गुन्डा तथा तस्करसँग फुर्सदको समयमा काँधमा काँध मिलाई हिँड्ने अनि कार्यालय समयमा आफ्नो पद र कुर्चीमा बस्ने । के त्यस्ताहरूले कारबाही गर्न सक्छन् त ? अनि तिनै अपराधीहरूले सँगै बसी खाइखेलेका भनाउँदाहरूलाई टेर्छन् त ? हो प्रहरी प्रशासनभित्र पनि यस्तैको वर्चस्व छ । सबैलाई भन्न पनि मिल्दैन र छैनन् पनि । तर प्रायः प्रहरी अधिकृतहरूले दोहोरो भूमिका निर्वाह गर्दै आएका छन् । पानी मुहानमा नै सफा भए पो तलतिर सफा बग्दै आउँछ तर विडम्बना मुहान नै फोहोर छ । छाता ओढाइदिने र संरक्षण गर्नेले संरक्षण गरेपछि र छाता ओढाइदिएपछि कसको के लाग्छ ? उहाँको लगभग ३० वर्षको कार्यकालमा काठमाडौँ अपराध अनुसन्धान महाशाखाको प्रमुखमा १ वर्ष र सीमावर्ती क्षेत्रहरूमा समेत व्यतित गर्नुभएको अनुभव र वास्तविक कुरा रहेछ ।

संसद्, संसदीय सुनुवाइ समिति र मन्त्रिपरिषद्बाट समेत भ्रष्टाचार गरेको ठहर भई अख्तियारमा उजुरी दर्ता भएर निलम्बनमा परेका गोपालबहादुर खड्काको मुद्दामा सर्वोच्च अदालतबाट सुनुवाइ हुँदा निजलाई पदमुक्त नगर्नू भनी पुनः आफ्नो पदमा फर्काइदियो । कस्तो बिडम्बना, अचम्म र घिनलाग्दो फैसला हो यो । अख्तियारले त दस, बीस हजार घूस लिएका सानातिना कर्मचारीहरूउपर मात्र निगरानी राख्छ र कारबाही गर्दछ तर ठूलाठूला मुद्दाहरूमा अर्बौंको मुठाले हिर्काइदिएपछि ढल्न पुग्छ र दिवास्वप्न देख्छ । के गर्नु खै, धनदेखि महादेवका पनि तीन नेत्र भनेझैँ छ ।

सही र वास्तविक सहिदहरूका सालिक तोडेर फालेर अपराधीहरूलाई सहिद घोषणा गरी त्यस्तैहरूका सालिक राख्ने प्रयास गरिन्छ । यस्ता मानवको नाउँमा कलङ्क, दानवरूपी स्वभाव र व्यवहार भएकाहरूलाई एकै चिहान बनाउँदा मानव अधिकारको सवाल आउला । तर दानवलाई कारबाही गरिँदा केको मानवअधिकार ?


**आफ्नै सूचना**

देशभरिका सबै विक्रेता र विज्ञापन सहजकर्ताहरूलाई पत्रिकाको हिसाब चुक्ता गर्न अनुरोध छ । अन्यथा पत्रिका पठाउन नसकिने बेहोरा सूचित गरिन्छ ।

व्यवस्थापकः
रातोखबर प्रकाशन गृह









"भविश्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।"

हाम्रा सेवाहरू

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवनसाथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालय : रामशाहपथ, काठमाडौं

फोन नं. ०१-४२६२६१०, पो.ब. ५२७, फ्याक्स नं. ०१-४२६२६१०

इमेल :bema@wlink.com.np, वेभसाईट : www.beema.com.np

# नक्कली समाचारको विरुद्धमा

गौरी लङ्केश



(गौरीलाई २०१७ मा बैगलूरुस्थित उनकै निवासमा अखबारको कार्यालयबाट आउँदै गर्दा हत्या गरियो। सरकारी संरक्षण प्राप्त आरएसएसको अपराधी झुण्डले स्वतन्त्र पत्रकार लङ्केशको हत्या गरेको ठानिन्छ। झूठो र नक्कली समाचारका विरुद्ध उनले निरन्तर कलम चलाउँदै आएकी थिइन्। सोही विषयमा उनको अन्तिम सम्पादकीय 'फेक न्युज के खिलाफ' यहाँ प्रकाशित गरिएको छ।)

मेरो मित्र डाक्टर वासुले यो साता गोयबल्स शैलीमा नक्कली समाचार बनाउने भारतीय कारखानाका विषयमा लेखेका छन्। यस्ता नक्कली समाचार बनाउने कारखाना निर्बाध सञ्चालन भैरहेका हुन्छन्। नक्कली समाचारले भैरहेको क्षतिका विषयमा म लेख्ने प्रयास गर्नेछु। अस्ति भर्खरै गणेश चतुर्थी थियो। त्यस दिन सामाजिक सञ्जालमा झूठो समाचार प्रसारण भयो। त्यो नक्कली समाचार प्रकाशित गर्ने 'सङ्घ परिवार' थियो।

त्यो नक्कली समाचार के थियो? कर्नाटक सरकार जहाँ भन्छ त्यहीँ गणेशको प्रतिमा स्थापित गर्छ, त्यसका लागि १० लाख रुपैयाँ जमानत गर्नुपर्छ। मूर्तिको उचाइ कति बनाउने भन्ने अनुमति सरकारसँग लिनुपर्छ। अर्को धर्मका व्यक्तिहरू रहेको बाटो हुँदै मूर्ति लग्न पाइनेछैन। पटका पड्काउन पाइनेछैन। सङ्घका मान्छेहरूले त्यो नक्कली समाचारको व्यापक प्रचार गरे। त्यो समाचार कति व्यापक भयो भने कर्नाटक प्रहरी प्रमुख आर.के. दत्तले पत्रकार सम्मेलन नै गर्नुपर्‍यो। उनले सरकारले त्यस्तो कुनै निर्णय नगरेको खुलासा गर्नुपर्‍यो। यो सबै नक्कली समाचार भएको स्पष्ट गर्नुपर्‍यो।

त्यो नक्कली समाचारको स्रोत पछ्याउँदै जाँदा हामी 'एयकतअबचम ल्भधक' वेबसाइडसम्म पुग्यौँ। यो साइड पक्का हिन्दुस्तानीहरूको हो। नक्कली समाचार बनाएर प्रसार गर्नु त्यसको नियमित काम हो। ११ अगस्टमा 'पोस्ट कार्ड न्युज' मा एउटा शीर्षक थियो, 'कर्नाटकमा तालिवान सरकार।' त्यो शीर्षकमार्फत राज्यमा कपोलकल्पित नक्कली समाचार फैलाइयो। सङ्घ परिवारका मान्छेहरूले एक स्तरको सफलता पनि प्राप्त गरे।

सिद्धारमैया सरकारबाट असन्तुष्ट सबैले सो समाचारलाई हतियारका रूपमा प्रयोग गरे। आश्चर्य र खेदको कुरा के हो भने मान्छेहरूले त्यसलाई सोचविचार नगरी स्वीकार गरे। आफ्नो नाक, कान र दिमाग प्रयोग गरेनन्।

गएको साता जब रामरहिम नामका पाखण्डी बाबालाई बलात्कारको मुद्दामा अदालतले दोषी ठहर गर्‍यो तब भाजपाका थुप्रै नेताहरू र बाबाका संयुक्त फोटाहरू छ्यापछ्याप्ती भए। हरियानाका भाजपाका सांसद, मोदी र बाबाका फोटाहरू भाइरल भए जसबाट सङ्घ, परिवार र भाजपा अप्ठ्यारोमा परे। त्यसबाट जनताको ध्यान विषयान्तर गर्नका लागि उनीहरूले गुरमित बाबा र केरलाका भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादी, केरलाका मुख्यमन्त्री पिनराई विजयनसँगै बसेको फोटो सार्वजनिक गरे जुन नक्कली फोटो (फोटो कार्यशालामा नयाँ बनाइएको) थियो।

यथार्थमा गुरमित बाबासँग काङ्ग्रेसका नेता ओमन चण्डी थिए। ओमनको शरीरमा विजयको टाउको हालियो। सङ्घ परिवारका मान्छेहरूले त्यसलाई भाइरल बनाए। तर सङ्घ परिवारको त्यो षड्यन्त्र प्रभावकारी भएन। किनकि कसैले वास्तविक फोटो सार्वजनिक गरिदियो र त्यो सामाजिक सञ्जालमा राखियो। वास्तवमा भन्ने हो भने गएको वर्षसम्म सङ्घ परिवारको 'नक्कली समाचार युद्ध' को प्रतिरोध गर्ने कोही थिएन। आजभोलि धेरै मान्छेहरू त्यसका विरुद्ध लड्न तयार भएका छन्। यो धेरै नै खुसीको विषय हो। पहिले नक्कली समाचार एकछत्र चल्थ्यो, अब नक्कली समाचारसहित वास्तविक समाचार पनि प्रवाह हुने गर्छ। दुईवटै समाचार एकसाथ पाठकसम्म पुग्छन्। उदाहरणका लागि १५ अगस्टको दिन जब लालकिल्लाबाट प्रम मोदीले सम्बोधन गरे त्यसको एउटा विश्लेषण १७ अगस्टमा सनसनीपूर्ण बन्न गयो। धुर्व राठीले त्यसको विश्लेषण गरेका थिए। क्याम्पसको सामान्य विद्यार्थीजस्ता लाग्ने राठीले गएको केही महिनादेखि मोदीको पोल खोलेर सामाजिक सञ्जालमा प्रचार गरिदिएका छन्।

पहिले यस्ता श्रव्य-दृश्य हामीजस्ता सचेत मान्छेले मात्र हेर्थे। आम मान्छेको पहुँचमा पुग्दैनथे। तर १७ अगस्टको श्रव्य-दृश्य १ लाखभन्दा बढी मान्छेसम्म पुग्यो (मोदीले ओठ खोल्यो कि झूठो बोल्ने गरेको गौरीको धारणा छ)। राज्यसभामा मोदीले ३३ लाख नयाँ करदाता थपिएको दाबी गरेका थिए। त्यसअगाडि नै अर्थमन्त्री जेटलीले ९१ लाख नयाँ करदाता थपिने आँकलन गरेका थिए। तर आर्थिक सर्वेक्षणमा ५ लाख ४० हजार मात्र करदाता थपिएको देखियो। यसमा सत्य तथ्याङ्क कुन हो त? त्यो विषय धुर्व राठीले आफ्नो श्रव्य-दृश्यमा उठाएका छन्।

आजका मूल प्रवाहका सञ्चारहरू केन्द्र सरकार र भाजपाका समाचार जस्ताको तस्तै वेद वाक्य जसरी प्रचार गरिरहन्छन्। सरकारको बोली उनीहरूका लागि वेद वाक्यसरह हुन्छ। त्यसमा पनि टेलिभिजन सञ्जालहरू दस पाइला अगाडि देखिन्छन्। उदाहरणका लागि जब रामनाथ कोविदले राष्ट्रपति पदको शपथ खाए तब १ घन्टामा ३० लाखले हेरेको हल्ला मच्चाए। घन्टा-घन्टामा ३० लाख, ३० लाख भनेर चिच्याउन थाले। उनीहरूका कति लाख अनुयायी थिए भन्ने प्रचार गर्नु थियो। आजभोलि धेरैजसो टेलिभिजनहरू राष्ट्रिय स्वयम्सेवक सङ्घको प्रचारटोली जस्ता भएका छन्। सङ्घकै काम गर्छन्। तर वास्तविकता के थियो भने प्रणव मुखर्जीको स्थानमा नयाँ राष्ट्रपति विराजमान भएका थिए। मुखर्जी राष्ट्रपति हुँदा पनि ३० लाखकै चर्चा थियो।

## पीत पत्रकारिता (Yellow Journalism)

सन् १८९० तिर अमेरिकामा पहेँलो कागजमा छापिने पत्रिकाले निकै भ्रमपूर्ण सामग्री प्रकाशित गर्थे। अरू अखबारले सेतो कागज प्रयोग गर्थे। टाढैबाट बच्चाहरूलाई आकर्षित गर्ने सनसनीपूर्ण सामग्री प्रकाशित गर्थे। त्यस्तै नाफा कमाउने मनसायले कालान्तरमा अरूले पनि पहेँलो कागजमा त्यस्तै भ्रमपूर्ण सामग्री प्रकाशित गर्न थाले। पहेँलो कागजमा कमलपित्त अर्थात् जन्डिसजस्तै अस्वस्थकर समाचार पस्किने भएका कारण त्यसप्रकारको पत्रकारितालाई अमेरिकी समाजमा पीत पत्रकारिता (Yellow Journalism) भन्न थालियो। आजसम्म झूठ र निम्नकोटीको पत्रकारितालाई पीत पत्रकारिता भनिन्छ। गत महिना भारत, कर्नाटक, बैङ्लुरुमा हत्या गरिएकी स्वतन्त्र पत्रकार गौरी लङ्केशले पीत पत्रकारिताका विरुद्ध लड्दै आएको कारण हत्या भएको ठानिन्छ।

आज राष्ट्रिय स्वयम्सेवक सङ्घद्वारा फैलाएका नक्कली समाचारका विरुद्ध धेरै मान्छेहरू प्रकट भएका छन्। धुर्व राठी श्रव्य-दृश्यमार्फत त्यो काम गरिरहेका छन्। प्रतीन सिन्हाले बति लभधक नामक वेबसाइटमार्फत त्यो काम गरिरहेका छन्। होक्स स्लेयर, बुम र फैक्ट चेक नामका वेबसाइटहरू त्यही काम गरिरहेका छन्। त्यसको पछिपछि THEWIERE. IN, SCROLT, NEWSLAUNDRY.COM, THEQUINT.COM जस्ता वेबसाइटहरू छन् जसले हालसालै कैयौँ नक्कली समाचारको वास्तविकता उदाङ्गो पारेका छन्। महत्वपूर्ण कुरा त के भने यी संस्थाहरू पैसाका लागि काम गर्दैनन्। उनीहरूको उद्देश्य फासिस्ट मान्छेका नक्कली कारखाना उदाङ्गो पार्नु हो।

केही साता अगाडि बैङ्लुरुमा भीषण वर्षा भएको थियो। त्यसै समयमा सङ्घ परिवारले एउटा फोटो सनसनीपूर्ण बनायो। त्यसमा नासाद्वारा मङ्गलग्रह यात्राको फोटो भनी लेखिएको थियो। बैङ्लुरु नगरपालिकाले त्यो फोटो मङ्गलग्रहको नभएको खुलासा गर्‍यो। मङ्गलग्रहको फोटो भनेर बैङ्लुरु प्रशासनको खिल्ली उडाउने मनसायले उक्त कार्य गरिएको थियो। सरकारले केही काम गरेको छैन, बाटोघाटो जीर्ण छ भनेर जनआक्रोश पैदा गर्नु उनीहरूको उद्देश्य थियो। तर सङ्घ परिवारलाई चर्को मूल्य पर्न गयो किनकि त्यो फोटो बैङ्लुरुको नभएर महाराष्ट्रको थियो जहाँ भाजपाको सरकार छ।

हालै पश्चिम बङ्गालको दार्जिलिङमा हिंसा भड्कियो। तब राष्ट्रिय स्वयम्सेवकका कार्यकर्ताले दुई प्रकारका पोस्टर टाँसे। एउटा पोस्टरमा बङ्गाल जलिरहेको छ लेखिएको थियो। सम्पत्ति जलिरहेको थियो। दोस्रोमा एकजना महिलाको साडी तानिरहेको दृश्य थियो। फोटोको तल हिन्दु महिलामाथि अत्याचार लेखिएको थियो। तर तुरुन्त त्यो फोटोको वास्तविकता सार्वजनिक भयो। पहिलो फोटो सन् २००२ को गुजरात दङ्गाको थियो। त्यतिबेला मुख्यमन्त्री मोदी नै सरकार प्रमुख थिए। दोस्रो फोटो एउटा भोजपुरी चलचित्रको थियो। राष्ट्रिय स्वयम्सेवक सङ्घ मात्र होइन, भाजपाका कैयौँ मन्त्री र नेता नै यस्ता नक्कली समाचारको खेती गर्छन्। उदाहरणका लागि केन्द्रीय मन्त्री नितिन गडकरीले एउटा फोटो सेयर गरे जसमा केही व्यक्तिहरूले भारतको झन्डा जलाइरहेको देखिन्थ्यो। फोटोको तल गणतन्त्र दिवसमा हैदराबादमा तिरङ्गा जलाइँदै लेखिएको थियो। हालसालै गुगलमा एउटा नयाँ प्रविधि समावेश छ जसमा गएर प्रचारित फोटो 'कहाँको र कहिलेको हो' जान्न सकिन्छ। प्रतीक सिन्हाले त्यही प्रविधि प्रयोग गरेर नागरिकलाई वास्तविक सूचना प्रवाह गरेका थिए। क्षणभरमै त्यो फोटो पाकिस्तानको एउटा कट्टरपन्थी समूहले भारतको विरोधमा तिरङ्गा जलाएको भन्ने सूचना सार्वजनिक भयो जसमा हैदराबादको कुनै साइनो थिएन।

एउटा टेलिभिजन छलफलमा भाजपाका प्रवक्ता संवित पात्रले सिमानामा सेनालाई राष्ट्रिय झन्डा फहराउन कत्ति मुस्किल छ? नेहरू विश्वविद्यालयमा के समस्या छ? भनेका थिए। त्यसो भन्दै उनले एउटा फोटो देखाए जुन फोटो भारतीय सेनाको नभएर अमेरिकी सेनाको थियो। दोस्रो विश्वयुद्धमा जब अमेरिकाले जापानको एउटा सामुद्रिक टापु कब्जा गर्‍यो तब अमेरिकी झन्डा फहराएको थियो। त्यही फोटो प्रयोग गरियो। उनको मान्छेलाई मूर्ख बनाउने धन्दा धेरै समय टिकेन। मान्छेले भाजपाका प्रवक्ताको खिल्ली उडाए।

केन्द्रीय मन्त्री पियुष गोयलले हालै एउटा फोटो सार्वजनिक गरे। भारतका ५० हजार कि.मि. सडकमा सरकारले ३० लाख सडक बत्ती राखेको दाबी उनले गरे। त्यसलगतै सो फोटो छत्तीसगढको भएको दाबी त्यहाँका मन्त्री राजेश मूनतले गरे। उनले सो काम भाजपाले गरेको फोटोसहित दाबी गरेका थिए। तर त्यो फोटो भारतको नभएर भियतनामको भएको रहस्योद्घाटन भयो।

त्यस्तो नक्कली समाचारको खेती गर्नमा कर्नाटकका आरएसएस र भाजपाका नेता पनि कम छैनन्। मुसलमानले एक हिन्दु युवतीलाई छुरी प्रहार गरेको समाचार टाइम्स अफ इन्डियामा आएको प्रचार कर्नाटकका भाजपा सांसद प्रताप सिन्हाले गरे। नैतिकताको गीत गाउने सिन्हाले वास्तविकता बुझ्ने लेठो गरेनन्। यस्तो समाचार कसैले छापेको थिएन। तर प्रविधिको दुरुपयोग गरेर हिन्दु-मुस्लिम रङ प्रदान गरियो। त्यसका लागि टाइम्स अफ इन्डियाको नाम दुरुपयोग गरियो। हल्लखल्ला भएपछि सिन्हाले समाचार हटाए। तर माफीसम्म मागेनन्। साम्प्रदायिकता फैलाउने कार्यप्रति नैतिक जिम्मा लिएनन्।

मेरो साथी वासुले ख्याल नगरी नक्कली समाचार सेयर गरेको बताएका छन्। गएको आइतबार पटनाको जुलुसको मेरो फोटो लालु यादवले फोटो कार्यशाला (वर्कसप) मा लगेर सार्वजनिक गरे। केही बेरमै साथी शशिधरले त्यो फोटो नक्कली भएको बताए। मैले त्यो फोटो हटाएँ र माफी मागेँ। नक्कली र वास्तविक फोटो एकसाथ प्रकाशित गरियो जसको पछाडि साम्प्रदायिकता फैलाउने मनसाय थिएन। फासिवादका विरुद्ध जनता सङ्गठित भइरहेको सूचना प्रवाह गर्ने मेरो मनसाय थियो। निष्कर्षमा, जो नक्कली सूचना र समाचारका विरुद्ध लडिरहेका छन् उनीहरूलाई मेरो सलाम छ। म चाहन्छु उनीहरूको समूह अझै धेरै बढ्नुपर्छ।

अनुवाद : अनिल शर्मा

---

### अक्टोबर क्रान्ति शतवार्षिकी ...

गर्ने कार्यक्रम आयोजना गरी वर्षभरि अक्टोबर क्रान्ति शतवार्षिकी मनाइने जानकारी अभियन्ता शरद पौडेलले दिएका छन्। नागरिक अगुवाहरूले नेपालका सबै वामपन्थी तथा कम्युनिस्ट पार्टीहरूलाई अक्टोबर क्रान्ति शतवार्षिकी उपलक्ष्यमा संयुक्त प्रेसवक्तव्य जारी गर्न प्रस्ताव गर्दै मस्यौदा प्रस्तावसमेत तयार गरेका छन्। भेलामा वाचित अपिलको पूर्ण पाठ यसप्रकार रहेको छ–

अक्टोबर क्रान्ति शताब्दी वर्ष उत्सवको उपलक्ष्यमा अपिल!

अक्टोबर क्रान्ति भन्नाले रुसका जनताले पेट्रोगाड (पछिको लेनिनग्राद) सहरमा सशस्त्र क्रान्तिमार्फत त्यहाँको प्रतिक्रियावादी राज्यसत्तालाई च्यूत गरी सत्ता दखल गरेको कम्युनिस्ट क्रान्तिलाई बुझिन्छ। त्यतिबेला चलेको क्यालेन्डरअनुसार सन् १९१७ को अक्टोबर २५ मा सम्पन्न यो कम्युनिस्ट क्रान्तिको मिति यतिबेलाको पात्रोअनुसार नोभेम्बर ७ मा पर्दछ।

अक्टोबर क्रान्ति रुसका जनताले कम्युनिस्टहरूको बोल्सेबिक पार्टीको अगुवाइमा गरेका थिए। यो क्रान्तिले संसारमा सर्वप्रथम सर्वहारा वर्गको पूर्ण राज्यसत्ता स्थापना गरेको थियो। कम्युनिस्टलगायत क्रान्तिकारीहरूले ई. १८७१ मा विद्रोहमार्फत केही समयका लागि फ्रान्सको पेरिस सहरमा कम्युन पनि नबनाएका होइनन् तर अक्टोबर क्रान्ति स्तरको कम्युनिस्ट क्रान्ति भने संसारमा कतै भएको थिएन।

रुसको सामन्ती जारशाही उत्पीडनमा आधारित राज्यसत्तालाई चकनाचुर पार्दै शोषितपीडित एवम् गरिखाने वर्गले कम्युनिस्ट क्रान्ति सम्पन्न गरेको सय वर्ष पुगेको छ। यस युगान्तकारी कदमको शतवार्षिकीका अवसरमा यतिखेर संसारभरिका कम्युनिस्ट मात्रै होइन, शासन, शोषण र उत्पीडनबाट मुक्ति चाहने सबै न्यायप्रेमी जनताहरूले अक्टोबर क्रान्तिको उपलब्धि, त्यसले मानवजीवन र सभ्यतामा पारेको प्रभाव, त्यसको महत्व र त्यसमा देखापरेका चुनौतीबारे गम्भीर विमर्शसहित विभिन्न कार्यक्रममा व्यस्त छन्।

अक्टोबर क्रान्तिले ठगी खाने वर्गको वर्चस्व रहेको मानवद्वेषी समाज र उनीहरूको सत्ता चलेको संसारको राजनीति, आर्थिक वातावरण, सामाजिक परिस्थिति, पर्यावरण, सांस्कृतिक धरातल तथा सामरिक परिदृश्यमा नयाँ आयाम छ। यसले ठगिखाने वर्गको स्वर्गमा भूकम्प गएको, कम्युनिस्ट क्रान्तिको आतङ्क मच्चिएको छ। अक्टोबर क्रान्ति शताब्दी वर्षको स्मरणमा हामी नेपाली पनि कार्यक्रमको चाँजोपाँजो मिलाउने प्रयासमा छौँ।

अक्टोबर क्रान्ति संसारको युगान्तकारी क्रान्ति हो, कम्युनिस्ट क्रान्ति हो। यस युगीन क्रान्तिको विरासतमा उत्तराधिकार भने कम्युनिस्टहरूको मात्र छैन। विगतको सय वर्षमा संसार र सभ्यताको दशा र दिशानिर्देश गर्ने सबैभन्दा महत्वपूर्ण स्थान ओगटेको यस क्रान्तिको दावानलले समाजको सम्पूर्ण वर्ग, संसारका सम्पूर्ण भूगोल, प्रत्येक कुनाको अर्थतन्त्रलाई प्रभावित पारेको छ। त्यति मात्रै होइन, यसले मानवसभ्यताले यस कालखण्डमा विकास गरेको कुनै पनि प्रविधि, सामाजिक सम्बन्ध यसरी प्रभावित पारेको छ कि शब्दमा वर्णन गर्नै नसकिने अवस्था छ। यस क्रान्तिको क्रममा निस्केका तोपका गोलाबारुदका छिर्का संसारभरि पुगेका छन् र तिनले प्रत्येकको मनमस्तिष्कलाई छोएका छन्। यसकै प्रभावस्वरूप आज पनि मानवद्वेषी समाज नचाहीकनै, अवचेतनमै भए पनि आफूलाई परिवर्तित गर्न बाध्य भएको छ।

रुसका जनताले असाध्यै विषम परिस्थितिमा यो युगान्तकारी क्रान्ति सम्पन्न गरेका हुन्। यस युगान्तकारी क्षणमा रुसमा क्रियाशील सम्पूर्ण सोभियतहरू, सोभियतमा आबद्ध एवम् आमकिसान र मजदुर, साम्राज्यवादी युद्धबाट आजित रुसी सैनिकहरूको सक्रिय सहभागिता थियो। असाध्यै अविकसित भूदासहरूको मुलुकमा, चेतनाको कमीले पिछडिएका जनताहरूको देशमा, प्रथम विश्वयुद्धमा पराजित तथा छिमेकी मुलुकहरूसँगको युद्धले जर्जर भएको मुलुकमा, तत्कालीन साम्राज्यवादी शक्ति, सेना र पुँजीवादी युद्धपोतको नाकाबन्दीको बीच उनीहरूको कठपुतली सरकारविरुद्ध कम्युनिस्टहरूको नेतृत्वमा रुसका महान् जनताले यो क्रान्ति सम्पन्न गरेका हुन्। अदम्य क्रान्तिकारी साहस, दूरदृष्टि र आफ्नो वर्तमान र भविष्य आफैँले बदल्ने सङ्कल्पसहितको जुझारुपना र शौर्य प्रदर्शन गरी यो युगान्तकारी क्रान्ति सम्पन्न गरियो। यसले मानव जातिको दशा र दिशालाई पूर्ण रूपमा परिवर्तित गरी मानवसभ्यतालाई, सामरिक सन्तुलनलाई र सम्पूर्ण मानवजातिलाई आजको अवस्थामा पुर्‍याएको हो। मानवजातिले अक्टोबर क्रान्तिको युगान्तकारी उपलब्धिका निम्ति रुसी कम्युनिस्टहरूको ऋण कहिल्यै तिर्न सक्दैन। सय वर्षको अवधिमा मानवसभ्यतामा देखापरेको फड्को यसको प्रमाणका रूपमा उपस्थित छ।

अक्टोबर क्रान्तिको बाटो कम्युनिस्ट क्रान्तिकारीहरूको बाटो हो। परम्परागत राज्यसत्ताको दमनकारी चरित्रको अन्त्य कम्युनिस्टहरूको उद्देश्य हो। वर्गविहीन समाजको स्थापनामार्फत राज्यसत्ताको समूल नष्ट कम्युनिस्टहरूको लक्ष्य हो। मान्छेले मान्छेलाई शोषण गर्ने परिपाटीको अन्त्यपछि सबैले आफ्नो क्षमताअनुरूप अर्थतन्त्र र मानव समाजको विकासमा योगदान गर्नु अनि सबैले आफ्नो आवश्यकताअनुरूप सामाजिक उत्पादनको उपभोग गर्नु कम्युनिस्टहरूको अभीष्ट हो। उत्पीडनकारी राज्यसत्तालाई माध्यम बनाउँदै, वर्ग, संस्कृति, जाति, नस्ल, लिङ्ग, रङ र वर्णका आधारमा मानिस-मानिसबीच कृत्रिम भेद खडा गरी द्वन्द्व उत्पन्न गरेर संसार विभाजित गर्ने परम्परागत सोचाइका विरुद्ध अन्तर्राष्ट्रिय वर्गीय बन्धुत्व हुँदै क्रमशः अन्तर्राष्ट्रिय मानवीय बन्धुत्वमार्फत विभाजित सीमाहरू र सोचाइलाई समूल नष्ट पार्नु कम्युनिस्ट क्रान्तिको गन्तव्य हो।

साम्राज्यवाद तथा मानवद्वेषी विचारका संवाहकहरूले पश्चिमा संसारमा विकसित ५०० वर्षको पुँजीवादको अनुभवका आधारमा संसारलाई स्थायी रूपमा विभाजन गरी मानिसमानिसबीच पर्खाल निर्माण गर्ने प्रयास गरेका थिए। तर त्यसलाई चकनाचुर पार्दै रुसी कम्युनिस्टहरूले संसारका लागि रोटी र शान्ति, जनताका लागि रोजगार, साम्राज्यवादीका लागि युद्ध र कम्युनिस्टका लागि क्रान्तिको नारा बुलन्द गरे। त्यसैको फलस्वरूप रुसी जनता युद्ध होइन, क्रान्ति, जनताविरुद्ध होइन, शोषणविरुद्ध हतियार भन्दै कम्युनिस्ट क्रान्तिलाई युगान्तकारी विजयका रूपमा हेर्न समर्पित भएका थिए।

आजको संसार यसै युगान्तकारी कम्युनिस्ट क्रान्तिको उपज हो। लैङ्गिक भेदभावबाट मुक्ति, श्रमिक अधिकार, बौद्धिक सम्पत्ति (ज्ञान, सूचना, सेवा), संस्कृतिको श्रीवृद्धि, अर्थतन्त्र र प्रविधिमा देखापरेको अद्भुत विकास तथा अन्याय, अत्याचार र असमानताप्रतिको सङ्गठित विद्रोहको चेत पनि यही क्रान्तिको उपज हो। अक्टोबर क्रान्तिले नै मान्छेलाई उसको प्रतिभा, गरिमा, अस्मिता र मर्यादाका लागि आजसम्म उद्वेलित गरिरहेको छ। आज संसारभरि नै मार्क्सवाद तथा द्वन्द्वात्मक भौतिकवादी राजनीतिक दर्शनका वाहकहरूको वर्चश्व पनि यही युगान्तकारी क्रान्तिको परिणाम हो। वर्गीय समाज स्थापनापछि र अक्टोबर क्रान्तिपछिको समयलाई यतिबेला संसारले दाँज्दैछ र अक्टोबर क्रान्तिको महत्तालाई जान्दैछ।

महान् अक्टोबर क्रान्ति जिन्दावाद!

सन्दर्भ : देवकोटा जयन्ती

# नेपाली साहित्य : विगत, वर्तमान र भविष्य

## (लक्ष्मीप्रसाद देवकोटाको तासकन्द सम्भाषण)

अति स्मरणीय तासकन्द सहरको यात्रा गर्ने आफ्नो चिरकल्पना साकार भएकोमा हामी आफूलाई अत्यन्त भाग्यमानी ठान्दछौँ । हामीले तपाईंहरूलाई नेपालका साहित्यकार र जनताको शुभेच्छा ल्याएका छौँ । तासकन्द निवासीहरू र सोभियत सङ्घका जनताप्रति हामी हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

हाम्रो यात्रा ज्यादै नै सुखद रहेको छ । समुद्रको सतहबाट २५ हजार फिटमाथि जुन बेला हामी उडिरहेका थियौँ त्यसबेला जस्तो सौन्दर्य मैले देखेँ त्यसबाट ज्यादै नै प्रभावित छु र हाम्रो बाटामा देखिएको सबै प्राकृतिक चमत्कारहरूका बारेमा एउटा काव्यकृति पनि रचना गर्न चाहन्छु ।

म यस्तो सम्मेलनसमक्ष बोल्ने सौभाग्य पाइरहेको छु जहाँ मानव जातिका उत्कृष्ट मगजहरूको समागम छ र साझा कार्यमा आफ्नो योगदान पुऱ्याउने सम्भावना पाइएकोमा म आफूलाई सौभाग्यशाली सम्झन्छु ।

दिल्लीमा नै अर्को सम्मेलनको आयोजना तासकन्दमा गर्ने प्रस्ताव ल्याउनुहुने श्रीमती जुल्फियाप्रति धन्यवाद ज्ञापन गर्ने मलाई अनुमति मिलोस् । यहाँ हाम्रो जुन प्रकारले सुमधुर आतिथ्य भयो त्यसका लागि हामी सोभियत सङ्घप्रति आभार व्यक्त गर्न चाहन्छौँ ।

हाम्रो यस सम्मेलनमा धेरै मुलुकहरूले भाग लिइरहेका छन् र सम्मेलनप्रति चाख दिनानुदिन बढ्दै गइरहेको म अनुभव गर्दछु । यस सम्मेलनले सबै देशहरू र जनताहरूलाई निकट तुल्याउनेछ । म यस सम्मेलनको यस्तो सुचरित्रको विशेष सन्तोषपूर्वक उल्लेख गर्न चाहन्छु । म तपाईंहरूलाई कुन कुरामा विश्वास दिलाउन चाहन्छु भने युद्धभन्दा शान्ति बलवती छ र शान्तिका शक्तिहरूले युद्धका भयङ्कर शक्तिहरूमाथि विजय पनि प्राप्त गर्नेछन् ।

फेरि एकपल्ट तपाईंहरूलाई मेरो देशाका लेखकहरू र जनताका तर्फबाट अभिवादन व्यक्त गर्ने र साहित्यबारे प्रतिवेदन सुरु गर्ने अनुमति दिनुहोस् । गगनचुम्बी हिमचुलीहरूको सियाँलमा हिमालय पर्वतद्वारा परिवेष्ठित शान्त र सुन्दर क्षेत्रमा अवस्थित नेपालले त्यस सौन्दर्यको गहिरो अनुभव गर्दछ जुन सगरमाथा एभरेस्टको भव्य शिखरदेखि लिएर तराईको फराकिलो फाँटसम्म नै व्याप्त छ । नेपाल यस्तो देश हो जहाँ विभिन्न अग्लाइमा सबै खालका जलवायुहरू पाइन्छन् । सबै किमिसका वनस्पति र जलजन्तुहरू भेट्टाइन्छन् । एक कोटी नरनारीहले बसोबास गरेको ५७ हजार वर्गमाइल क्षेत्रफलमा फैलिएको यो देश सौन्दर्यले भरिपूर्ण साना संसार नै हो ।

यहाँ एउटै आत्माले अनुभव गर्ने दुईटा भावनाजस्तै र एउटै परिवारका सदस्यहरूजस्तै आर्यहरू र मङ्गोलहरू अनि उनीहरूको संस्कृति र उनीहरूको सभ्यता सुमधुर सहअस्तित्वमा रहेका छन् । संसारमा सूर्यको प्रथम किरण सगरमाथाकै शिखरमा उत्रन्छ भन्नु कुनै अत्युक्ति हुनेछैन । शान्ति र अहिंसाका मूर्ति गौतम बुद्धले नेपालकै लुम्बिनी बगैँचामा संसारको दर्शन पाउनुभएको थियो । यसै देशको जनकपुरमा विद्वान् राजा जनकका दरबारमा हुने गरेका वादविवादले उपनिषद्का उत्कृष्टतम् दार्शनिक विचारहरूलाई जन्माएका थिए । नेपाली संस्कृति, नेपालको सम्पन्न कला र शिल्पको सुप्रभाव उत्तरतिर तिब्बत र चीनमा, दक्षिणतिर भारत र बर्मा अनि यी देशहरूमार्फत नै सायद एसिया र अफ्रिकाका अन्य देशहरूमा समेत फैलिएको थियो ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो जसको उद्गम स्रोत प्राकृत र संस्कृतबाट सुरु हुन्छ अनि हिन्दी, बङ्गाली तथा गुजराती भाषाहरूसँग यस भाषाको साइनो छ । लेखनमा देवनागरी लिपि प्रयोग गरिन्छ । अनुकरणात्मक शब्दहरूको यस भाषामा प्राचुर्य छ र लचकपना नै यस भाषाको वैशिष्ट्य हो । अधिकांश शब्दहरू संस्कृत मूलका छन् । अन्दाजी एक हजार वर्षअघि पहिला ग्रन्थहरू देखापरेका थिए । शिलालेखहरू, सन्त साहित्य तथा ऋषिमुनीहरूका परम्परागत ग्रन्थबाट हाम्रा लिखित साहित्यको आरम्भ भयो । नेपाली भाषा भए तापनि प्रारम्भिक कालमा विद्वान्हरूले ग्रन्थरचनाका निम्ति संस्कृतको उपयोग गर्ने गरेका थिए । संस्कृत भाषाको युगौँ पुरानो परम्पराले हाम्रो भाषामा त्यतिकै स्वाभाविक किसिमबाट प्रवेश गऱ्यो जति स्वाभाविक किसिमबाट नीलो प्रकाशले नेपालको क्षितिजबाट उज्ज्वल तुल्याउँछ, अहिलेसम्म नेपाली विद्वान्हरू संस्कृतका ग्रन्थहरू लेख्दै आएका छन् जसमध्ये श्री सोमनाथ सिग्देल, श्री कुलचन्द्र गौतम, श्री पूर्णप्रसाह ब्राह्मण र श्री माधवप्रसाद देवकोटाको नाम लिन सकिन्छ ।

नेपाली साहित्य सन्त साहित्यबाट अर्थात् ऋषिहरूका ग्रन्थबाट सुरु भयो । माथि भनिएझैँ यी ग्रन्थहरूको रचना हजार वर्ष पहिले भएको थियो ।



**जीवनप्रति रोमाञ्चवादी सम्बन्धले पुँजीवादी र सामन्तवादी समाजमा स्थान पाउँछ, जहाँ धनी मानिसहरू कविहरूलाई ऐसआराममा डुबाउन र भ्रष्ट पार्न समर्थ हुन्छन् । परन्तु आकर्षणको मिहिन जालले भोका, अभावग्रस्त र सङ्घर्षशील मानिसहरूलाई सन्तुष्टि प्रदान गर्न सकिँदैन । यसैकारण सर्वसाधरण मानिसहरू व्यक्तिवाद, अन्धराष्ट्रवाद, कूपमण्डुकता र विद्वेषलाई धनीमानीहरूको साहित्यिक खेलबाड र मनोरञ्जनका रूपमा विचार गर्दछन् ।**

त्यसपछि अनुवादको सुरु भयो जुन बेला संस्कृतको शैली र परम्परागत लेखिएका कृतिहरू देखा परे । यस्ता कृतिहरूमा मुख्यतः धार्मिक र उपदेशात्मक भावनाको बाहुल्य रहन्थ्यो । त्यस अवधिमा कवि भानुभक्त आचार्यको ख्याती निकै फैलियो । नेपाली भाषामा अध्यात्म रामायणको उनको अनुवाद नै धार्मिक प्रचारको अति प्रभावकारी माध्यम बन्यो । ...

सन् १९५० पछि हामीले प्रजातान्त्रिक अधिकार प्राप्त गऱ्यौँ । राणा खलकका शासकहरूको जब्बर हातले पहिले बलपूर्वक दबाएर राखिएको जनभावनाको लहर उर्लिन थाल्यो । तर यो उर्लंदो लहर राजनीति र प्रचारद्वारा सन्त्रस्त थियो । विभिन्न धाराहरूको प्रादुर्भाव नयाँ युगको द्योतक थियो । कला कलाका लागि भन्ने सिद्धान्तबाट यथार्थवादतर्फ, रूपको क्षेत्रमा बन्धनबाट मुक्ततर्फ, परम्परागतबाट प्रयोगतर्फ र आत्मसन्तुष्टिबाट अन्वेषणतर्फको मोड नै यी सबै प्रवृत्तिहरूको मूल चरित्र हो । रोमाञ्चवादविरोधी धाराको स्पष्ट कार्यक्रम पनि छ । गरिब र उत्पीडितहरूप्रति व्यापक सहानुभूतिको भावनालाई प्रोत्साहित गरिन्छ । नयाँ युगमा नयाँ रूपहरू, ताजा विचारहरू, मौलिक बिम्बहरू तथा सुहाउँदा तुलनाहरूको अनुसन्धान सुरु गरिँदैछ । नयाँ पुस्ताका लेखकहरूमध्ये विजयबहादुर मल्ल, जनार्दन सम, मोहन कोइराला, टेकबहादुर नवीन, जगदीशशमशेर, श्यामदास वैष्णव, कुलमणि देवकोटाको नाम उल्लेख गर्नु आवश्यक छ ।

यस अवधिमा कैयौँ मौलिक कृतिहरू र लोकगीतसङ्ग्रहहरू प्रकाशनमा आएका थिए । यसमा कवि माधवप्रसाद घिमिरेको विशेष योगदान रहेको छ । कवि धर्मराज थापाको पनि उल्लेख गर्नुपर्दछ जो जनताका निम्ति लोकप्रिय गीतका रचनाकारका रूपमा प्रख्यात छन् । युवा कवि लक्ष्मण लोहनी पनि उनैको अनुसरण गर्दैछन् । यसका अतिरिक्त यस क्षेत्रमा अरू पनि केही युवाकविहरू कार्यरत छन् । अहिले लोकगीतहरूका विषयवस्तुमा ओपेरासमेत तयार पारिँदैछ ।

हाम्रा प्रतिनिधि समालोचकहरूमध्ये ईश्वर बराल, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी, गोविन्दप्रसाद लोहनी र हृदयराज शर्मा आदिको नाम उल्लेख गर्न सकिन्छ ।

साहित्यिक पत्रपत्रिकाहरू र अन्य आवधिक प्रकाशनहरूले नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका थिए । प्रारम्भिक चरणमा बनारसबाट प्रकाशित सुन्दरी र माधवी नामका दुईवटा साहित्यिक पत्रिकाहरूले यो काम गरे । त्यसपछि काठमाडौँबाट शारदा, साहित्य स्रोत, प्रगति, कवितात्मक पत्रिका इन्द्रेणी, धरती प्रकाशमा आए । यी पत्रिकाहरूमध्ये प्रत्येकले आफ्नै किसिमबाट हाम्रो साहित्यको विकासमा योगदान पुऱ्याए । खासगरी भारत र दार्जिलिङबाट प्रकाशित भएका साहित्यिक पत्रिकाको योगदानबारे विशेष उल्लेख गर्नु जरुरी छ । यी सबै पत्रिकाहरूले सुचारु रूपमा काम गर्न सकेनन् । यी सब पत्रिकाहरूलाई सरकारका तर्फबाट प्रोत्साहन र आर्थिक सहायताको आवश्यकता थियो । फेरि छापाखाना नहुँदा तथा देश पनि गरिब भएको हुँदा ती छिनमै फुले, फले र ओइलाएर पनि गए । सुस्तसुस्त मृत्युको घाटतिर लागिरहेका केही पत्रिकाह चाहिँ फेरि जुर्मुराएर उठेका पनि देखिएका थिए ।

म धेरै समय लिन चाहन्नँ, त्यसैले नेपाली साहित्यको विकासमा अति महत्वपूर्ण प्रवृत्तिहरूको मात्र चर्चा गर्दछु । दुःखको कुरा के छ भने नेपाली लेखकहरू वर्तमान समयमा केवल साहित्यिक क्रियाकलापद्वारा मात्रै आफ्नो जीवनयापनका निम्ति चाहिने साधन जुटाउन असमर्थ छन् । शिक्षाको व्यापक प्रचार, राष्ट्रिय विश्वविद्यालयको स्थापना, विकासशील प्रजातन्त्रको अपरिहार्य माग हो र यी सबैले लेखकहरूसमक्ष नयाँ क्षितिज खोलिदिनेछन् ।

काठमाडौँमा र केही जिल्लाहरूमा समेत लेखक सङ्घहरू खोलिएका छन् । त्यसमध्ये सबभन्दा ठूलोचाहिँ काठमाडौँस्थित नेपाली लेखक सङ्घ नै हो । यी सबै सङ्घहरूले सरकारका तर्फबाट वित्तीय सहायता पाउने गरेका छैनन् । लेखकहरूप्रति ध्यान दिनु त परै जाओस्, आफ्ना आर्थिक कठिनाइहरूको भूमरीमा परेका छन् । साहित्यिक श्रमका निम्ति नगण्य पारिश्रमिक पाइने हुँदा स्वयम् लेखकहरूले चाहिँ जीवनयापनका निमित्त चाहिने रकम जुटाउन सक्तैनन् र ठूलो साधन लाग्ने थोरबहुत गम्भीर उद्योग व्यवसायहरूमा भाग लिन पनि असमर्थ छन् । तर असल प्रकाशक तथा प्रकाशनालयहरूको अभावले गर्दा उनीहरूको अवस्था जटिल हुन गएको छ । हालै नेपाल एकेडेमीले उत्कृष्ट साहित्यिक कृतिका निम्ति वार्षिक १० हजार रुपैयाँको पुरस्कार स्थापित गरेको छ । राम्रा वैज्ञानिक कृति र साहित्यिक रचनालाई प्रोत्साहित गर्न ५ हजार रुपैयाँको मदन पुरस्कार पनि स्थापना गरिएको छ । साँच्चै भन्ने हो भने अवस्था ज्यादै नाजुक छ र हामी लेखकहरू, शिक्षाको विकास, जनताको अभिरुचिको विकास र हामीप्रतिको नयाँ सम्बन्धमाथि पूर्णतः निर्भर छौँ । त्यसैगरी साहित्यप्रति पदाधिकारीहरूको दृष्टिकोणमा आमूल परिवर्तनमाथि पनि निर्भर छौँ ।

संक्षेपमा नेपाली साहित्यको इतिहास यस्तो छ । तथ्यहरूबाट के सिद्ध हुन्छ भने साहित्यकारहरूले स्थायी अति सङ्घर्षमय र अभावग्रस्त जीवन गुजार्नु परिरहेको छ । तर मैले अघि भनेझैँ लेखकहरूसमक्ष नयाँ क्षितिज खुलेको छ । उदासीनताको युग समाप्त हुँदैछ र बिस्तारबिस्तार कला र साहित्यका अमूल्य निधिहरूको उचित कदरको युग सुरु भइरहेको छ ।

सायद यस पृथ्वीमा जिन्दगीको आनन्दकै गाथा गाउन नै सम्पूर्ण साहित्य जन्मिएको हो जसले मानिसहरूलाई सुखानुभूति प्रदान गर्दछ । मानिसले जीवनको मनमोहक र शक्तिशाली पुकार सुन्यो र त्यसको आनन्दलाई युगयुगान्तरसम्म जीवित राख्ने प्रयास गऱ्यो । परन्तु साहित्यको इतिहासका प्रारम्भिक चरणहरूमा कृतित्व कम वा बेसी रूपमा आकस्मिक नियमहरूमाथि निर्भर रहन्थ्यो । देवताहरू र दानवहरूको सिर्जना गर्दै रणक्षेत्रका रक्तिम बीभत्सताको चित्रण गर्दै र त्यसका वीरहरूको गाथा गाउँदै, मानिसहरूसमक्ष ईश्वरीय नियमहरूको सहीपनाको पुष्टि गर्दै लोकसाहित्य र परम्पराबाट इतिहास र वीरगाथाहरूबाट तथ्यहरू, किंवदन्तीहरू काल्पनिक कथाहरूबाट नैतिक नियमहरू खोतल्दै एकाङ्की ऋषिमुनीहरूले जीवनको निरीक्षण गरे र कल्पनाको प्रतीकात्मक रूपहरूमा त्यसप्रति आफ्नो धारणा अभिव्यक्त गरे । उनीहरूले आफ्ना ग्रन्थहरूमा यस्ता काल्पनिक प्रतीकहरूको माध्यमबाट जीवनको अति व्यापक व्याख्या प्रस्तुत गरे जसको पछाडि दार्शनिक नीति लुकेको हुन्थ्यो । महाभारतका रचयिता व्यास र रामायणका रचयिता वाल्मीकिले वास्तवमा यसै प्रकार लेखेका थिए । यी कविहरूले आफ्ना नायकको ठाउँ नलिईकनै र आफूले चित्रित गरेका घटनाहरू घटित ठाउँको पनि सङ्केत नदिईकनै आफ्नो कल्पनामा वास्तविकताको सिर्जना गरे । परन्तु वर्णातीत उत्कृष्टताको बाबजुद पनि यी कृतिहरू पण्डित-पुरोहितहरूका हातमा परेपछि सर्वसाधारण र अनपढ जनसमुदायको उत्पीडनका नयाँ साधन बन्न पुगेका थिए । पुरोहितहरूले काव्यलाई आराध्य वस्तुमा परिणत गरे तर आन्तरिक सारतत्वलाई नबुझीकनै त्यसको बाहिरी रूपतत्वलाई मात्र ग्रहण गरेका थिए । यसले गर्दा यी कृतिहरूको भद्दा आदर्शीकरण हुन गयो ।

प्रकृतितर्फ फर्कनका लागि लत र परम्पराको ह्रासोन्मुख असरका विरुद्ध लामो र अथक सङ्घर्षको आवश्यकता पर्दछ । पहिलेझैँ प्राचीन अभिव्यञ्जना मौजुद छ, पहिलेझैँ परम्परागत प्रतीकहरूको पनि उपयोग हुँदैछ जो ज्यादै नै थोत्रा बनिसकेका छन्, पुरानै ढर्राका वाक्यहरूको नै अन्धानुसरण गरिँदैछ । कुनै समयमा तिनले आफ्नो कल्पनालाई सम्पन्न र सम्भव तुल्याएका थिए तर यसका साथसाथै तिनले हाम्रो बौद्धिक क्षितिजलाई साँगुरो र सीमित पनि पारेका थिए । पुरानै नैतिक शिक्षाको पुनरावृत्ति, धार्मिक भावना र आस्था अनि कामवासना यो नै लामो अवधिसम्म हाम्रो साहित्यको वास्तविक सार रहेको थियो । परन्तु रूप र सारको तानाशाही छिचोल्दै विद्रोहको भावना फुटेर बाहिर निस्कियो । मनुष्यको भावना आफ्नै पुरातन भ्रम र अभ्यस्त सङ्कीर्णताका विरुद्ध खडा भयो । प्रतीकवादका विरुद्ध सङ्घर्ष गर्नका लागि चिन्तन र अभिव्यक्तिका नयाँ रूपहरू खोज्नुपरेको थियो । यसै प्रक्रियाद्वारा साहित्यमा रोमाञ्चवादी धाराको प्रादुर्भाव हुन गयो । यसले सफलतापूर्वक अहिले अस्तित्वमा रहेका सबै धाराहरूलाई आत्मसात गऱ्यो । यस धाराले सुरुमा पाश्चात्य साहित्यको गहकिलो प्रभावमा परेर विकास गऱ्यो तर यो धारा पनि वर्तमान जीवनका वास्तविक मूल्यहरू र त्यसका समस्याहरूको व्याख्या गर्न असमर्थ छ भन्ने कुरो छिटो नै स्पष्ट भयो । निरन्तर मधुकणहरू मात्र चुसेर कल्पना नाप्न सकिँदैन । चराले जस्तै साहित्यले पनि सुरुमा पृथ्वीमा नै चारा नबटुलीकन आकाशमा उच्च उडान गर्न सक्दैन ।

जीवनप्रति रोमाञ्चवादी सम्बन्धले पुँजीवादी र सामन्तवादी समाजमा स्थान पाउँछ, जहाँ धनी मानिसहरू कविहरूलाई ऐसआराममा डुबाउन र भ्रष्ट पार्न समर्थ हुन्छन् । परन्तु आकर्षणको मिहिन जालले भोका, अभावग्रस्त र सङ्घर्षशील मानिसहरूलाई सन्तुष्टि प्रदान गर्न सकिँदैन । यसैकारण सर्वसाधरण मानिसहरू व्यक्तिवाद, अन्धराष्ट्रवाद, कूपमण्डुकता र विद्वेषलाई धनीमानीहरूको साहित्यिक खेलबाड र मनोरञ्जनका रूपमा विचार गर्दछन् ।

अहिले पनि हामीकहाँ प्राकृतिक सौन्दर्यका धनीमानीहरू तथा सामन्तहरूको उदारताको प्रशंसा गर्ने खालका अनेकौँ कृतिहरू लेखिन्छन् । परन्तु साहित्यका क्षेत्रमा पनि विज्ञान र जिज्ञासाका भावनाले प्रवेश गरिरहेको छ र अभिव्यञ्जनाका जराजीर्ण रूपहरू र माध्यमहरूप्रति असन्तोष पनि व्यक्त गरिँदैछ । व्यक्तिको चेतनामा परिवर्तन आएको छ र यो व्यापक पनि भएको छ । परन्तु सामाजिक आदतहरू र रीतिस्थितिहरूका कसिङ्गरहरूबाट त्यसलाई मुक्त तुल्याउन अझ पनि धेरै समय लाग्नेछ । अझ पनि वर्गीय स्वार्थहरूको बोलवाला छँदैछ र मानिसको सामाजिक स्थितिले ठूलो छाप पारेकै छ ।

अझै पनि चिन्तन र विचार केही हदसम्म आर्थिक स्थिति, राजनीतिक वातावरण र सामाजिक जीवनपद्धतिबाट प्रभावित रहेकै छन् । लेखकले पनि आफ्नो युगलाई त्यसरी नै प्रभावित पार्नुपरेको छ जसरी युगले लेखकको चरित्र ... बाँकी पृष्ठ ७ मा

कविता

# ऊ को हो ?



अनिल शर्मा

अनिल शर्मा
पुर्खाको गौरवगाथा साँचेर
आज भने अनुहारभरि
बिफरले डसेको छ्याके अनुहारमा
'रेफ सिटी' को दुर्गन्ध पोतेर
मन नलागी-नलागी घिस्रिरहेकी
विरहिनी यमुनाजस्तै
सबैभन्दा अपहेलित
यो यमुना खण्डमा/देहाती खण्डमा
जनकपुर-जयनगर बूढो रेलको धुवाँजस्तै
कुइरीमण्डल भान्छाघरको थाप्लोमा
एकातिर परेवा घुरिरहेका छन्
अर्कोतिर ऊ घोरिइरहेको छ
यतातिर टहल्दा
पुलुक्क उसलाई हेर्छु
हेर्नुभन्दा धेरै घोरिन्छु
र कैदी वरपीपललाई सोध्छु –
ऊ को हो ?
चर्मचक्षुहरू थरीथरी देख्छन्
कोही महर्षि भन्छन्/कोही साधु/कोही सन्त
निराकार देखिन्छ ऊ
तर उसको ललाटमा चन्दन-लेप देखिन्न
खरानी-अक्षता पनि छैन
अगोचरणीय ऊ को हो ?
वरपीपलको जीर्ण वृक्षपछाडि
नमाजगृहमा
'अल्लाह हो अकबर' गुन्जिरहेको बेला
मेरा जिज्ञासु आँखा
उसको च्यापुहुँदो लामो दाह्री खोज्छन्
तर उसको मुखाकृतिमा
केवल हो ची मिन्हको झल्को आउँछ
त्यो निराकार को हो ?
उसको गलामा म
जिसस क्राइस्टको लोगो खोज्छु
तर नास्तिकतामा विश्वास गर्छ ऊ
कहिले हाँस्छ/कहिले घोरिन्छ/कहिले गर्जिन्छ
मान्छेभन्दा पृथक छैन ऊ
जीर्ण पुस्तकका पानाहरूमा
रविन्सन क्रुसोझैँ एक्लो यात्रा गरिरहन्छ
कलम रगडिरहन्छ
केही खोजिरहन्छ/सपना उमारिरहन्छ
त्यो कैदी को हो ?
सपना रोपिरहने ऊ को हो ?

*(लोकेन्द्र बिस्ट 'अभ्यास' २०६१ सालमा भारत, पटनामा गिरफ्तार भएपछि बेऊर जेलमा राखिएको समयमा शान्त स्थान खोज्दै भान्छाघरको छतको कुनामा भीडमा एक्लै दिनभरि अध्ययन-लेखन गरिरहन्थे । दर्शकहरू अनेक टिप्पणी गर्थे । सोही क्रममा २०६२ मङ्सिर १७ मा लेखिएको कविता यहाँ प्रकाशित गरिएको छ ।)*

## अक्टोबर क्रान्तिको ...

नगरिएको कुइनेटोमा खतरा झेल्दै अर्को बाटोतिर अघि बढ्नु । घुम्तीमा चालकले आफ्नो विपरीतबाट आइरहेको तथा प्रत्यक्ष नदेखिएको सवारीसाधन र आफ्नो गाडी भीरमा जाकिन सक्ने चुनौतीको सामना गर्नुपर्दछ। सन् १९०५ को असफल क्रान्ति र सन् १९१७ को फेब्रुअरी क्रान्तिबाट रुसी जनताले गम्भीर शिक्षा लिएर अक्टोबर क्रान्ति सफल पारेका थिए। हामीले नेपालमा यतिबेला विभिन्न ऐतिहासिक जनआन्दोलन र दस वर्षको ऐतिहासिक जनयुद्धको असफलताबाट मर्मस्पर्शी र मूल्यवान् शिक्षा लिँदै एकीकृत जनक्रान्ति सफल पार्ने अठोट गर्नुपर्दछ। वैज्ञानिक समाजवादी अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा हामीले लिने पहिलो शिक्षा यही नै हो । त्यो घुम्ती पार गर्ने आँट र विवेक पनि हामीसँग हुनैपर्छ किनभने यो कम्युनिस्ट क्रान्तिकारीहरूको ऐतिहासिक कार्यभार हो।

दोस्रो, लेनिनले संविधानसभाको चुनावको नारा अघि सार्दै त्यसका लागि अस्थायी क्रान्तिकारी सरकारमा भाग लिँदा आफ्ना प्रतिनिधिप्रति कठोर नियन्त्रण र वैज्ञानिक समाजवादी क्रान्तिको लक्ष्यप्रति एक क्षणका लागि पनि आँखा नचिम्लने सर्त राख्नुभएको थियो । अर्को कुरा, अस्थायी क्रान्तिकारी सरकारविरुद्ध विद्रोह गरी अक्टोबर वैज्ञानिक समाजवादी क्रान्ति गरेपछि पूर्वसर्तअनुरूप लेनिनले संविधानसभाको चुनाव गराउनुभयो । क्रान्तिबाट स्थापित राज्यसत्ताअन्तर्गत भएको उक्त चुनावमा समेत बोल्सेबिकलाई हराउन पुरानो सत्ताका अवशेषहरू सफल भएपछि लेनिनले 'सम्पूर्ण सत्ता सोभियतलाई' भन्ने नारा दिनुभयो। उक्त सोभियतले संविधानसभालाई विघटन गरी क्रान्तिकारी संविधान जनताका क्रान्तिकारी प्रतिनिधिले बनाएका थिए । त्यसकारण अक्टोबर क्रान्ति त्यस्तो क्रान्ति हो जुन संविधानसभाको चुनावबाट पुँजीवादमै टाँस्सिएन, बरु समाजवादमा अघि बढ्यो। पुरानो राज्यसत्ताअन्तर्गत संविधानसभाको चुनाव गराएर त्यसैबाट नै समाजवादमा पुग्न सकिन्छ भन्दै कल्पनाको खीर खुवाउने धोकेबाज पुष्पकमल दाहाल र बाबुराम भट्टराईको करतूतलाई यतिबेला गहिरो गरी स्मरण गर्दै महान् वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने प्रतिबद्धताका साथ हामीले अक्टोबर क्रान्तिको शतवार्षिकी भव्यतापूर्वक मनाउनुपर्दछ । पुष्पकमल दाहाल र बाबुराम भट्टराईले पुरानो राज्यसत्ता यथावत् राखेर संविधानसभाको चुनावमा भाग लिए र जनताले अरू सबै संसदीय पार्टीभन्दा माओवादी पार्टीलाई बढी स्थानमा विजयी गराए। तर नेपालमा न जनसंविधान बन्यो, न त पुरानो सत्ता ढलेर नयाँ सत्ता प्राप्त भयो। लेनिनले फेब्रुअरी पुँजीवादी क्रान्तिबाट बनेको सत्तालाई समेत ढालेर अक्टोबर क्रान्तिबाट बनेको वैज्ञानिक समाजवादी व्यवस्थाअन्तर्गत संविधानसभाको चुनाव गराउनुभयो । त्यस संविधानसभाबाट पुँजीवादीहरू बहुमतमा आएपछि त्यसलाई विघटन गरेर उहाँले समाजवादी राज्यवस्थाका जनप्रतिनिधिद्वारा समाजवादी संविधान बनाउनुभयो । अतएवः अक्टोबर क्रान्तिले के पुष्टि गरेको छ भने पुरानो राज्यसत्ता यथावत् राखेर जतिसुकै लोकप्रिय पार्टी भए पनि संसदीय चुनावबाट वैज्ञानिक समाजवादी क्रान्ति गर्न सकिँदैन। पुरानो राज्यसत्ता नढालीकन वैज्ञानिक समाजवादी क्रान्ति खोज्नेहरू कि मार्क्सवादको कखरा नबुझेका मूर्खहरू हुन्, होइन भने ती लालझन्डामुनि घुसेका साइलकहरू हुन्। नेपालमा यो सन्दर्भ मर्मस्पशी बनेको छ।

तेस्रो, पेरिस कम्युनबाट सुरु भएको साम्यवादी क्रान्तिको लहरलाई रुसमा अक्टोबर १९१७ मा सम्पन्न वैज्ञानिक समाजवादी क्रान्तिले गुणात्मक र व्यापक बनाइदियो । रसियाली समाजवादी गणतन्त्र सङ्घ १९२२ मा १५ वटा गणराज्य मिलेर सोभियत समाजवादी गणतन्त्र सङ्घ बन्यो । त्यसपछि क्रमशः १९२४ मा मङ्गोलिया, १९४३ मा युगोस्लाभिया, १९४४ मा अल्बानिया, १९४५ मा पोल्यान्ड र भियतनाम (भियतनाम अन्ततः १९७५ मा अमेरिकासँगको लडाइँमा विजयी भयो), १९४६ मा बुल्गेरिया, १९४७ मा रुमानिया, १९४८ मा चेकोस्लोभाकिया, १९४९ मा चीन, पूर्वीजर्मनी र हङ्गेरी, १९५३ मा कोरिया, १९६६ मा क्युबा र १९७५ मा लाओस र कम्बोडिया समाजवादी गणतन्त्रमा रूपान्तरण भएका थिए। पृथ्वीको आधाभन्दा बढी जनसङ्ख्या र आधाभन्दा बढी भूगोलमा साम्यवादी व्यवस्थाको सङ्क्रमणकालका रूपमा वैज्ञानिक समाजवाद लागू भएको थियो । आज हामीले समाजवादी व्यवस्थामा भएको प्रतिक्रान्ति र क्रान्तिको सन्निकट पुगेका देशहरूको असफलताबाट शिक्षा लिएर मालेमावादी दर्शनको विकाससहित वैज्ञानिक समाजवादी क्रान्तिबाट साम्यवादमा पुग्ने सैद्धान्तिक तथा व्यावहारिक प्रतिबद्धता गर्नु नै अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउनुको सार्थकता रहनेछ। यसका साथै पुँजीवादीहरूले उत्तरसाम्राज्यवादको चरम अवस्थामा पुगेर साम्यवादलाई रोक्ने अनेक दुष्प्रयत्न गरिरहेका छन् । तर उनीहरूकै अति केन्द्रीकरण, निजीकरण, उदारीकरणको आर्थिक आधारमा प्रकट हुने सामाजिक उत्पादन र निजी स्वामित्वको अन्तरविरोधको तीव्रताले साम्यवादको आगमन पनि तीव्र बनेको छ।

चौथो, अक्टोबर क्रान्तिले ठोस वस्तुको ठोस विश्लेषण गर्न सिकाएको छ र मार्क्सवादलाई लेनिनवादमा विकास गरेको छ। लेनिनले ठोस वस्तुको ठोस विश्लेषण गर्नुभयो र १९०० पछि पुँजीवाद साम्राज्यवादमा पुगेको संश्लेषण गर्नुभयो । दोस्रो अन्तर्राष्ट्रियका 'महारथीहरू' बर्नस्टिन, काउत्स्की र प्लेखानोभले पुँजीवादको अवस्था बुझेनन् । लेनिन समाजवादी क्रान्ति गर्न सफल हुनुभयो भने महारथीहरू यथास्थितिमै टाँस्सिए। आज नेपालमा दक्षिणपन्थी अवसरवादीहरूको संसदीय व्यवस्थाबाटै समाजवाद ल्याउने धोकाधडीका विरुद्ध वैज्ञानिक समाजवाद ल्याउने एकीकृत जनक्रान्तिको कार्यदिशा ठोस वस्तुको ठोस विश्लेषण हो। आज साम्राज्यवाद उत्तरसाम्राज्यवादमा पुगेको छ । यसको विशेषता भनेको निगम पुँजीलाई राजनीतिको निर्देशक बनाउनु, पुँजी केही व्यक्तिको हातमा केन्द्रित गरेर वा दुईचारवटा ट्रस्ट, सिन्डिकेट र कार्टेलको मातहतमा विश्वबजार कब्जा गर्नु र प्राकृतिक स्रोत हडप्नु, विज्ञान र प्रविधिलाई आफ्नो नियन्त्रणमा लिने कोसिस गर्नु हो। यसको अर्थ हुन्छ- युद्ध। साम्राज्यवादीहरूका बीच युद्धको अर्थ हुन्छ, गृहयुद्ध र वैज्ञानिक समाजवादी क्रान्तिद्वारा विश्वयुद्धको अन्त्य गर्नु। आज मजदुर र किसानको साथमा मध्यमवर्ग आउन बाध्य छ। थोरै पुँजीपतिले एउटै छानोमुनिबाट व्यापक बजार र राजनीतिक व्यवस्था कब्जा गरेपछि मध्यमवर्ग बाँच्ने स्थान सीमित भएर जान्छ। उसको माथितिर उक्लने अवसर बन्द हुँदै गएको छ। त्यसकारण नेपाल र विश्वमा दलाल पुँजीवाद तथा साम्राज्यवादका विरुद्ध किसान, मजदुर र सिपाहीहरू मात्र होइन, बरु मध्यमवर्ग पनि थपिएको छ। यसले गर्दा पनि एकीकृत जनक्रान्तिको कार्यदिशा सही साबित हुँदैछ। विज्ञान र प्रविधिमा भएको क्रान्ति पनि एकीकृत रूपमा आएको छ। यसले हाम्रो कार्यदिशाकै पुष्टि गर्दछ।

पाँचौं, हामी अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा यो घोषणा गर्न चाहन्छौँ, हाम्रो मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिवाद-माओवाद हो। हामी यसको आधारमा उभिएर यसको विकास गर्न चाहन्छौँ । यसको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यसको काम हो, संसारलाई बुझ्ने र बदल्ने। तर समाजवादी क्रान्तिमा भएको प्रतिक्रान्ति र विजयको सन्निकट क्रान्तिमा भएको असफलताले बुझ्ने र बदल्ने कुराले मात्र पुग्दैन, बरु बदलिएको कुरालाई एवम् अग्रगामी रूपान्तरणलाई रक्षा र विकास गर्नुपर्दछ । हामीले भनेका छौँ, विपरीतहरूको एकता र सङ्घर्ष सबै वस्तुहरूमा यान्त्रिक ढङ्गले लागू हुँदैन । पार्टीमा अन्तरसङ्घर्ष दुई लाइन सङ्घर्षमा पुगेपछि अग्रगामी रूपान्तरण नहुने स्थितिमा विजातीय तत्वसँग अन्तिम छिनोफानो गर्नुपर्दछ । विपरीतहरू एक-अर्कोमा रूपान्तरण हुन्छन्। विगतमा जस्तै पार्टीभित्रका प्रचण्ड स्थायी रूपमा पक्ष र बाबुराम स्थायी रूपमा विपक्ष भइरहन दिनु गतिको नियम नबुझ्नु हो। त्यही कारणले गर्दा बाबुरामले प्रचण्डलाई निले र आज त्यो पार्टी विघटन भएर प्रतिक्रियावादमा जाकिन पुग्यो। त्यसका प्रमुख नेताहरू साम्राज्यवादका चाकर बनेका छन्।

हामीले एकीकृत जनक्रान्तिद्वारा वैज्ञानिक समाजवादमा पुग्ने रणनीति बनाएका छौँ। प्रश्न उठेको छ, नयाँ जनवादी रणनीति छोडियो कि ? उत्पादन प्रणालीमा विज्ञान र प्रविधिको व्यापक उपस्थितिले माओको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देशमा गरिने नयाँ जनवादी क्रान्ति अथवा पुँजीवादी क्रान्तिमा तीव्रता ल्याएको छ। नेपालमा सामन्तवादको नेतृत्व ढलेको छ। सामन्तवादी अवशेष, नोकरशाही पुँजीवाद र दलाल पुँजीवादको नेतृत्व दलाल पुँजीवादले नै गरेको छ। नेपाली शोषित-उत्पीडित जनता त्यसका विरुद्ध उभिएका छन्। दलाल पुँजीवादका विरुद्धको एकीकृत जनक्रान्तिको प्रक्रियामा नै पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेर हामीले वैज्ञानिक समाजवादी गणतन्त्र नेपाल घोषणा गरी अघि बढ्नु आवश्यक छ । नेपालमा राजनीतिक रूपले जुन संसदीय व्यवस्था छ त्यसको विकल्प पुँजीवादी जनवादी क्रान्ति हुन सक्तैन । यसका साथै चीनमा जस्तै १९४९ मा नयाँ जनवादी क्रान्ति र १९५७ मा गएर समाजवादी क्रान्ति गर्नुपर्छ भन्ने यान्त्रिक भ्रममा कोही पनि पर्न हुँदैन। माओले समाजवाद लागू गर्न खोजेको १९४९ देखि नै हो। यसमा विलम्ब हुँदै जाँदा ल्यु साओची र देङ स्याओपिङले अझै पुँजीवादको विकास गर्न आवश्यक छ, पिछडिएको अर्थतन्त्र र उन्नत समाज व्यवस्था अन्तरविरोधी हुन्छ भनेर प्रतिक्रान्ति गर्न खोजेका थिए। त्यसकारण आजको परिस्थितिको सम्बोधन गर्नुपर्ने, संसदीय व्यवस्थाको विकल्प दिनुपर्ने र प्रतिक्रान्तिबाट बचाउन वैज्ञानिक समाजवादको रणनीति नै सही हुन्छ।

आदरणीय जनसमुदाय !

यतिबेला साम्राज्यवादीहरू अत्याधुनिक हतियारको होडबाजीमा छन् । यसको उद्देश्य हो, प्राकृतिक स्रोत र बजार कब्जा गर्नु । उनीहरूले निगमद्वारा राजनीतिको कमान्ड गर्दैछन् । यसको परिणाम विश्वयुद्ध हुन्छ। नेपालमा साम्राज्यवादका दलाल र कथित वामहरूले नवप्रतिक्रियावादी गठबन्धन गरेर क्रान्तिका उपलब्धिहरू नष्ट गर्दै क्रान्तिको विजय रोक्ने साधनहरूको भूमिका खेल्दैछन्। अर्कोतिर पुराना सत्ताधारी पार्टीहरू अर्को गठबन्धनमा जोडिएका छन् । उनीहरूलाई दुई पार्टी व्यवस्थामा पुर्‍याएर क्रान्तिको गला रेट्ने र पालैपालो सरकारमा लिएर नेपालका प्राकृतिक साधनको दोहन र बजार कब्जा गर्ने साम्राज्यवादी उद्देश्य रहेको छ।

त्यसकारण हामी अक्टोबर समाजवादी क्रान्तिको यो शतवार्षिकीका अवसरमा किसान, मजदुर, सिपाही, राष्ट्रिय पुँजीपति र देशभक्तहरूलाई वैज्ञानिक समाजवादको स्वागत गर्ने तयारी र पूर्वाभ्यास (रिहर्सल) मा अघि बढ्न जोडदार आह्वान गर्दै न्यानो अभिनन्दन टक्र्याउँछौँ। विश्वका श्रमजीवी र उत्पीडित जनताहरूलाई यो दिवसमा सहभागी हुँदै समाजवादको रणनीतितिर अघि बढ्न आह्वान गर्दछौँ।

अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा नेपाली शोषित-उत्पीडित जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीले काठमाडौँको खुलामञ्चमा अक्टोबर २५ (कात्तिक ८) मा भव्य जनसभाको आयोजना गरिएको छ। उक्त जनसभालाई महासचिव कमरेड विप्लवले सम्बोधन गर्ने कार्यक्रम रहेको छ। हामी विभिन्न तह र तप्काका जनसमुदायलाई उक्त सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौँ।

## नेपाली साहित्य :

निर्माणमा प्रभाव पार्दछ।

सम्भवतः हामी नयाँ साहित्यिक युगको सङ्घारमा उभिएका छौँ । हामी कठिनाइपूर्वक प्राप्त गरिएको प्रजातन्त्रद्वारा पूर्ण रूपले सुसज्जित भएर त्यस युगमा पर्दापण गरिहेका छौँ। हामी पुराना भैसकेका विधिविधानलाई अस्वीकार गर्दछौँ। हामी नयाँ रूपको खोजी गर्दछौँ । हाम्रा साहित्यको वर्तमान प्रवृत्ति आदर्शवादबाट यथार्थवादतर्फ र कपोलकल्पनाबाट तथ्यतर्फ अभिमुख छ।

यस्तो साहित्यको प्रादुर्भाव भइरहेको छ जसले व्यक्तिगत र सामाजिक घटनाहरूको मूल्याङ्कनमा उच्चस्तरीय मापदण्डको सहारा लिन्छ। लेखकहरूको विश्वदृष्टिकोण फराकिलो भइरहेको छ। उनीहरूको उपयोगिता र सौन्दर्यको सामञ्जस्यपूर्ण समन्वयमा विशेष ध्यान दिन थालेका छन्। लेखकहरू शान्तिको पुकार सुन्दछन् । विज्ञानको विवेकको आधारलाई हृदयङ्गम गर्दछन्। विश्वमा हुने घटनाहरूप्रति आफ्ना प्रतिक्रिया जनाउँछन्। जीवनका निम्ति र विनाशका विरुद्ध सहअस्तित्वका निमित्त र सैनिकका आक्रमणका विरुद्ध राष्ट्रिय स्वाधीनताको निमित्त, उपनिवेशवाद तथा साम्राज्यवादका विरुद्ध आधुनिक मानव जातिको महान् सङ्घर्षले जागरुक जनतामा शक्तिशाली समर्थन पाउन थालेको छ । यस अवस्थामा साहित्य कुनै एक वर्गको सोखको विषय बन्न सक्दैन । अब त यो एक शक्तिशाली सामाजिक र राष्ट्रिय हतियार भएको छ। साहित्यले अन्तर्राष्ट्रिय स्थितिमा लाभदायिक र मानवतावादी प्रभाव पारिरहेको छ । संसार यस्ता कृतिहरूद्वारा भरिपूर्ण छ जसमा इष्ट तथा अनिष्टको जोडदार चर्चा गरिन्छ। दृष्टिकोणमा परिवर्तन आइरहेको छ। जाति भेदभावको सङ्कटको भावना र नैतिक उत्तरदायित्वको भावनाले आफ्नो अभिव्यक्तिका नयाँनयाँ बाटाहरू पहिल्याउँदैछन् र साहित्यमा प्रवेश गर्दैछन् । बढी उच्चस्तरीय मापदण्डहरू, नवीनतम् बिम्बहरू ताजा रूपहरूको खोजी गरिँदैछ, नयाँनयाँ प्रयोगहरू हुँदैछन्। नेपालको जागृति व्यापक भइरहेको छ र एसियाको नवजागरणको लहरमा नेपालको कला र साहित्य पनि आधुनिक युगमा प्रवेश गरिरहेको छ।

धैर्यको भावना बढ्दो छ । यसका साथसाथै धर्मान्धता, सङ्कीर्ण राष्ट्रवाद र सामाजिक बन्देजविरुद्ध अधैर्यको भावना पनि दरिलो हुँदै गइरहेको छ। आधुनिक लेखकले आफूलाई विश्वको एउटा जीवित र सबल अङ्गका रूपमा अनुभव गर्दैछ । संसार साँगुरिँदै गइरहेको छ र एउटा साझा घरमा परिणत भइरहेको छ । लेखकले पनि व्यापक अन्तर्राष्ट्रिय जगत्मा नयाँ संसारमा भाग लिनुपरेको छ भन्ने कुरा बुझ्दै गइरहेको छ। त्यो संसार मानवतावाद र पारस्परिक समझदारीका सिद्धान्तहरूमा आधारित हुनेछ । व्यष्टिमा समष्टिको खोजी, मानव जातिसँग निरन्तर सम्पर्क बढाउँदै लैजाने प्रयास र स्थानीयताको त्रिपाश्वमा विश्व ब्रह्माण्डकै भावनाको बोध गर्ने इच्छा यसैको परिणति हो।

**सम्भवतः हामी नयाँ साहित्यिक युगको सङ्घारमा उभिएका छौँ। हामी कठिनाइपूर्वक प्राप्त गरिएको प्रजातन्त्रद्वारा पूर्ण रूपले सुसज्जित भएर त्यस युगमा पर्दापण गरिहेका छौँ। हामी पुराना भैसकेका विधिविधानलाई अस्वीकार गर्दछौँ। हामी नयाँ रूपको खोजी गर्दछौँ।**

नेपाली साहित्यले नयाँ प्रजातान्त्रिक भावनाको विकासमा योगदान पुर्‍याएको छ। त्यसले जहानियाँ राणा शासन र सामन्तवादका विरुद्ध सङ्घर्षको सुरुआत गरेको थियो । यो सङ्घर्ष पूर्ण विजयी भएको छ । वर्तमान समयमा नेपाली साहित्यले मानवअधिकारको उत्तरोत्तर विस्तारका लागि आवाज उठाइरहेको छ र त्यसका विद्रोही र क्रान्तिकारी स्वरले युगानुयुगको जडता र रूढिबुढीका विरुद्ध युगौँ पुराना परिस्थितिका विरुद्ध, जातपात र धर्मका भेदभावका विरुद्ध, सामाजिक अन्यायका र असामजिक असमनताका विरुद्ध सङ्घर्ष गर्दछ र लाखौँलाख उत्पीडित मानिसहरूप्रति सहानुभूति जगाउँछ जसका हितहरूप्रति सदैव नै बेवास्ता गरिँदै आएको थियो । राणाशाहीका विरुद्ध क्रान्तिकारी नाराहरू र प्रचारहरूले तत्कालै आमजनताको चेतनामा जागृति ल्याएका थिए र जहानियाँ शासनको उन्मूलनमा योगदान पुग्न गएको थियो। जब जनताको ध्यान बढी उच्चस्तरीय मूल्यहरूतर्फ र बढी व्यापक क्षितिजतर्फ आकर्षित गर्नको निम्ति लेखकले बढी फलदायी ढङ्गबाट काम गर्नुपरेको छ जुन उसले जीवनका कठोर अवस्थाहरूमा आफूले बहन गर्नु परेको छ। लेखकले आफ्नो कामको पारिश्रमिक ज्यादै नै थोरै पाउँछ । परन्तु ऊ सच्चा लेखक हो भने उसले आफ्नो कार्य रोक्नु हुँदैन । उसले जनतामा भिज्नुपर्दछ, जनताबाट सिक्नुपर्दछ, समस्त मानवजातिको जीवनबोधका लागि र सबै वर्तमान समस्याहरू तथा घटनाहरूको अनुबोधका लागि जनताको आत्मा खोतल्नुपर्दछ।

राणाखलकको शासनकालमा लेखकको आशा राख्न सक्ने सबभन्दा ठूलो कुरा कुनै थियो भने त्यो थियो बहुमूल्य जीवनशक्तिलाई साहित्यमा परिणत गर्नु। आजका लेखकले यस्तो उदासीनता र उत्पीडनको अनुभव गर्नु पर्दैन तापनि नयाँ सामाजिक अवस्थामा उसले अझै पनि समाजमा आफ्ना स्थितिका निम्ति र जनताका तर्फबाट सम्मानका निम्ति सङ्घर्ष गर्नुपर्ने हुन्छ। लेखकको स्वतन्त्रता लेखक बसेको समाजकै सामाजिक तथा आर्थिक नियमहरूमाथि निर्भर रहने हुँदा हामीले निकट भविष्यमा सामाजिक आर्थिक प्रणालीमा हेरफेर, दृष्टिकोणमा परिवर्तनमाथि ठूलो आशा राखेका छौँ।

वर्तमान समयमा हामी नेपालमा साहित्यिक क्षेत्रमा निश्चित फल प्राप्त गर्दैछौँ । परन्तु यसको साथसाथै हामीले नयाँ प्रभावहरू र नयाँ प्रयासहरू भेट्टाएका छौँ। नवजागरणले हामीलाई जनताको हृदयसम्म पुग्ने बाटो पहिल्याउने सम्भावना दिएको छ । साथै विविधता, नवीनता र यथार्थ पनि प्रदान गरेको छ जुन उत्कृष्ट गुणहरू हुन् । परन्तु व्यापक अन्तर्राष्ट्रिय साहित्यिक क्षेत्रसँग हाम्रो सम्पर्क छैन । यस्तो सम्पर्क स्थापित गर्नमा सहायक हुने साहित्यिक अनुवादहरूको पनि हामीसित अभाव छ। अन्य मुलुकहरूमा देखा परेका र विकसित भएका नयाँ प्रवृत्ति र नवीन बिम्बहरूको छाप हाम्रो साहित्यमा पर्नुभन्दा पहिले धेरै समय बितिसक्छ। हामी के आशा राख्दछौँ भने नेपालको नयाँ त्रिभुवन विश्वविद्यालय, रोयल नेपाल एकेडेमी र यस्तै अन्य संस्थाहरूले यस अभावपूर्तिमा योगदान पुर्‍याउनेछन्। हाम्रो देशमा पनि जुर्मुराएर ब्युँझिएका छिमेकी देशहरूको पारस्परिक सम्पर्कको विश्वासिलो बाटोबाट एसियाली जागृतिको भावना फैलिँदै जानेछ र बन्धुत्वपूर्ण संस्कृतिहरूको आपसी सम्पन्नतामा मद्दत पुग्नेछ। हामी के आशा राख्दछौँ भने नेपाली साहित्यका निम्ति पनि तासकन्द सम्मेलन ज्यादै नै उपयोगी सिद्ध हुनेछ किनभने नेपालले पनि धेरै कुरा दिन सक्दछ र धेरै कुरा ग्रहण पनि गर्न सक्दछ।

अनन्त हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वत शृङ्खलाहरूको भुलभुलैयामा बिलाउनेछैन । हाम्रो साहित्य पनि एउटै प्रवाहमा सम्मिलित भएर एसिया तथा अफ्रिकालाई परिवेष्ठित गर्ने साहित्यको असीम महासागरमा मिल्न पुग्नेछ । यस महासागरद्वारा सिञ्चित त्यो साहित्य पहिलेभन्दा अझ बढी सुन्दर र सम्पन्न बनेर जलबिन्दुका रूपमा फेरि हाम्रा पहाडहरूमा नै बर्सनेछ।

एकअर्कालाई राम्ररी बुझ्न, एकअर्काबाट राम्ररी परिचित हुन नै हामी यहाँ भेला भएका छौँ । यहाँ उपस्थित प्रत्येक देशले अरूलाई धेरै कुरा दिन सक्दछ । यहाँ हृदय-हृदयको मिलन भइरहेको छ र प्रत्येक व्यक्तिको आत्मा प्रतिध्वनि गुन्जिरहेको छ । हामी समुद्रको छालझैँ माथि उर्लँदैछौँ र आफ्नो स्वर उच्च तुल्याउँदैछौँ। हामी आफ्ना सन्ततिलाई आफ्नो साझा सन्देश पठाउँदैछौँ।

*विसं २०१४, तासकन्द, सोभियत सङ्घ*

आरामदायी यात्राको लागि




सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।

सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९

## हत्या आरोपी ...

गच्छदारको दलले अपेक्षित परिणाम ल्याउन नसकेपछि अस्तित्वरक्षाका लागि उनी पुरानै पार्टीमा फर्केको विश्वास गरिएको छ। काङ्ग्रेसले गच्छदारलाई ६ जना प्रत्यक्ष र ६ जना समानुपातिकमा उम्मेदवार बनाउने भएपछि उनी काङ्ग्रेसमा प्रवेश गरेका हुन्। उनले वाम गठबन्धनका विरुद्ध प्रजातन्त्रको रक्षार्थ काङ्ग्रेसमा प्रवेश गरेको बताएका छन् । २०४६ सालयता सधैँ मन्त्री रहिआएका गच्छदार घोर अवसरवादी नेताका रूपमा चिनिन्छन्।

## भोजपुरामा ...

जनप्रतिनिधिसभा र ११ सदस्यीय जनपरिषद् गठन गरेको छ। भेलाको उद्घाटन परिषद्का उपाध्याक्ष पदम राईले गरेका थिए । उपस्थित परिषद् सदस्यहरूलाई जनप्रतिनिधिसभाकी सभामुख उमा भुजेल र नेकपा नारायणी ब्युरो इन्चार्ज मिलनले प्रशिक्षण दिएका थिए। भेलाको अध्यक्षता भोजपुरा जनपरिषद्का प्रमुख विगाप्रसाद चौरसियाले गरेका थिए भने सञ्चालन सञ्जीवनीले गरेका थिए।

## शिक्षामन्त्री ....

मापदण्ड मिचेर महँगो शुल्क लिने कलेजहरूलाई कारबाही गर्न पनि माग गरेका छन् । शिक्षा ऐन नवौँ संशोधन विधेयकलाई कार्यान्वयनमा जान नदिन राष्ट्रपतिसमक्ष डेलिगेसन जाने निर्णय गरिएको जानकारी संयुक्त विद्यार्थी सङ्गठनका नेताहरूले दिएका छन् । विद्यार्थी सङ्गठनहरूले निर्माण व्यवसायी महासङ्घका अध्यक्ष शरदकुमार गौचनको हत्यामा संलग्न दोषीलाई पत्ता लगाई कारबाही गर्न पनि माग गरेका छन्।

## सूचना !

**रातो खबर प्रकाशनगृहद्वारा आगामी कात्तिक ११, १२ र १३ गते ३ दिने पत्रकारिता तालिम काठमाडौँमा हुँदैछ। इच्छुक सिकारु पत्रकारहरूले असोज मसान्तभित्र सम्पर्क गर्नुहुन अनुरोध छ । तालिम निःशुल्क प्रदान गरिनेछ भने आउने–जाने र बस्ने व्यवस्था आफैँले गर्नुपर्ने छ । इच्छुक प्रशिक्षार्थीहरूले असोज मसान्तसम्म सम्पर्क गर्नुहुन सूचित गरिन्छ।**

**- रातो खबर प्रकाशनगृह**

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क १८, पूर्णाङ्क ११३

रातो खबर

## नियमित

# परम्परागत संस्कार, संस्कृति र आदतको सत्ताविरुद्ध



अशोक सुवेदी

भर्खरै हिन्दु धर्मावलम्बीहरूको परम्परागत सांस्कृतिक-धार्मिक पर्व दसैं सकियो । अब अर्को सांस्कृतिक पर्व तिहार संस्कृतिसँगै अन्धविश्वास र आदतको सत्ता मुखरित गराउन मुखैमा आएको छ र छठ पनि । त्यसैगरी नेपाल संवत् पनि सँघारमै आएको छ । केही दिनअघि यसैगरी तीज पनि आयो र गयो । सामन्तवादी समाजका सांस्कृतिक उत्पादन रहेका यसप्रकारका चाडपर्वहरूले संस्कार र संस्कृति मात्र होइन, धर्म पनि सँगसँगै थोपर्ने गरेका छन् । हिन्दु धर्मको मात्र कुरा होइन, क्रिस्चियन, मुस्लिम र अरू समुदायले मनाउने अनेक परम्परावादी पर्वहरूले संस्कार, संस्कृति र पर्वहरूका नाममा आआफ्नो समुदायका धर्महरू लाद्ने र त्यस्तै अन्धविश्वासमा आधारित आदतको सत्ता लाद्ने गरेका छन् । यी र यस्ता परम्परागत पर्वहरूले नेपाली समाजलाई निकै नै प्रभावित पार्ने गरेका छन्, सांस्कृतिक, धार्मिक र आर्थिक रूपले पनि । यी पर्वहरूले समाजलाई निरन्तर बहसमा पनि धकेल्ने गरेका छन् ।

संस्कृति राजनीतिक सत्ता र समाजको उत्पादनप्रणालीसँग निर्भर हुने हुनाले यसले वर्गसमाजको पनि प्रतिनिधित्व गर्ने गर्छ । नेपाली समाज सामन्ती सत्ताबाट अघि बढ्न कठोर जनयुद्धको माध्यमबाट लड्दालड्दै दलाल संसद्वादीहरूसँगको सम्झौतामा जकडिएकाले थला परिसकेका परम्परागत संस्कार, संस्कृति र चाडपर्वहरू पनि ब्युँतिएर दलाल सत्ताकै पक्षपोषण गर्ने गरेका छन् । हिन्दु समुदायको तीज पर्वमा आएको भड्किलोपनाले नै यसको राम्रो उदाहरण दिन्छ । सामन्ती र अर्धसामन्ती समाजमा जकडिएका महिलाहरूलाई क्षमता प्रदर्शन गर्न भन्दै बजारमा लगेको कथित सुन्दरी प्रतियोगिताले अङ्गप्रदर्शन तथा पुँजीवादीहरूको माल बिकाउने व्यापारको दलाल संस्कृति निर्माण गर्दै लगेको छ । यसले महिलालाई एउटा बिक्रीको मालमा रूपान्तरण गरिदिएर दलाल पुँजीवादको नग्न र भद्दा नमुना प्रदर्शन गरिदिएको छ ।

संस्कार/संस्कृति मानिसले चेतनाको तहमुताबिक आफ्नो आवश्यकताअनुसार निर्माण गर्छ । यसले मानिसको चेतनास्तरलाई नै सम्बोधन गर्छ । अन्धविश्वास र रूढिमा आधारित संस्कार, संस्कृति र पर्वहरूले मानवचेतनालाई कैद गर्छन् र प्रगतिमार्गबाट वञ्चित गर्छन् । कुनै समयमा मानिसले आफ्ना लागि निर्माण गरेको धर्म, संस्कार र संस्कृतिले आज मानिस आफैँलाई परम्परावादी, अन्धविश्वासी, रूढ, जड र दास बनाएको छ । म यो धर्म, संस्कार र संस्कृति किन मान्दैछु, कसका लागि मान्दैछु, यसले मेरो जीवनमा के सकारात्मक प्रभाव पार्दैछ भन्ने विषयमा एक पल पनि नसोचीकन मानिसले परम्परालाई ग्वाम्लाङ्ग अँगालो हाल्दा यसले खराब आदतको सत्ता बसालेको छ र त्यो खराब विरासतले मस्तिष्कको विकासमा अवरोध ल्याएको छ । मस्तिष्क नै नचल्ने संस्कार, संस्कृति र धर्मले मानिसलाई अन्धो बनाएको छ । त्यसैले महान् दार्शनिक कार्ल मार्क्सले धर्मलाई अफिमजस्तै निरन्तर लट्ठ्याउने लागूपदार्थसँग तुलना गर्नुभयो । वास्तवमै परम्परावादी, रूढ र जड चेतना भएका अन्धविश्वासीहरू धर्मको लागूपदार्थ खाएर बेहोस भएका पेसेवर दुर्व्यसनीहरू हुन् । उनीहरूको रूडि, अन्धविश्वास र परम्परावादबाट निर्देशत खराब आदतको सत्ता भत्काएर द्वन्द्ववादी र ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादका पक्षधर (मार्क्सवादी) बनाउन कम्युनिस्ट क्रान्तिकारीहरूले सचेतन पहल गर्नैपर्छ ।

परम्परामा जकडिएको समाजको आदतको सत्ता अभिव्यक्त गर्ने कृष्णप्रसाद पराजुलीको एउटा कवितांश यहाँ सान्दर्भिक र मार्मिक लाग्न सक्छ :

मान्छेले कति के गऱ्यो, पिइसक्यो ब्रह्माण्ड नै तन्तनी
हाम्रा ब्राह्मण मक्ख छन् भिरी अझै टुप्पी, जनै, कन्दनी !

टुपी, जनै र कन्दनीले हिन्दु परम्परावादीहरूको प्रतिनिधित्व गरे पनि यसको सार र सन्देश हाम्रो समाजका सबै अन्धविश्वासी र परम्परावादी/पाखण्डीहरूतर्फ लक्षित छ । बाइबल लिएर प्रवेश गरेकाहरूले बाइबल हातमा थमाइदिएर सत्ता कब्जा जमाएको सन्दर्भ होस् वा संस्कार र संस्कृतिका नाममा महिलालाई बुर्काभित्र कैद राखिएको सन्दर्भ होस्, यही टुप्पी, जनै र कन्दनी भिरेर परम्परा भज्ने कुसंस्कारका उपजहरू हुन् । यसको अन्त्य आवश्यक छ र त्यसका लागि सचेतन पहल अत्यावश्यक छ ।

महान् विचारक कार्ल मार्क्सले भन्नुभएको छ, 'मानिसले धर्म सिर्जना गर्छ, धर्मले मानिसको सृष्टि गर्दैन ।' उहाँले उत्पीडित मानिसहरूका लागि धर्म सहारा बनिरहेको पनि बताउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'धर्म उत्पीडित प्राणीको सुस्केरा हो । हृदयहीन संसारको हृदय हो । त्यसरी नै आत्माहीन विश्वको आत्मा हो । यो जनताका लागि अफिम हो । धर्मको उन्मूलन गर्नुको अर्थ जनताको भ्रमपूर्ण खुसीको सट्टा उनीहरूको वास्तविक खुसीको माग गर्नु हो । अस्तित्ववान् राज्यको मामलासम्बन्धी भ्रमहरू परित्याग गर्ने माग गर्नु भनेको भ्रमहरूको आवश्यकता पर्ने राज्यकै परित्याग गर्नु हो ।' (मार्क्स, हेगेलको कानुन दर्शनको आलोचनामाथि योगदान, सन् १८४४) ।

मार्क्सले मात्र होइन, लेनिनले पनि विश्वदृष्टिकोणले नै सबै कुराको निर्धारण गर्ने बताउनुभयो । उहाँले वर्गसमाजमा सबै कुरा वर्गदृष्टिकोणअनुसार निर्धारित हुने पनि बताउनुभयो । सर्वहारा वर्गसँग सत्ता प्राप्त गर्ने सङ्घर्षमा सङ्गठनसिवाय कुनै अर्को हतियार छैन ।' (एक पाइला अगाडि, दुई पाइला पछाडि) । 'सर्वहारा वर्गले राज्यसत्तामा अधिकार जमाएर नै राज्यका रूपमा राज्यको उन्मूलन गरिदिन्छ...राज्य भनेको दमनको निम्ति चाहिने विशेष शक्ति हो ।' (राज्य र क्रान्ति) । 'क्रान्तिद्वारा मात्र पुँजीवादी राज्यको उन्मूलन गर्न सकिन्छ...त्यसको स्थान सर्वहारा राज्य (सर्वहारा अधिनायकत्व) ले विलोपको मार्गबाट ग्रहण गर्न सक्तैन, बरु आमनियमका रूपमा केवल सशस्त्र क्रान्तिद्वारा मात्र ग्रहण गर्न सक्छ । सशक्त क्रान्तिको यस्तो, बिल्कुलै यस्तो दृष्टिकोणमा जनसमुदायहरूलाई नियमित रूपले अनुशासित गर्नुपर्ने आवश्यकता नै मार्क्स-एङ्गेल्सको सम्पूर्ण शिक्षाको सार हो ।' (राज्य र क्रान्ति) लेनिनले दमनकारी राज्यसत्ता र तिनका अवयवका रूपमा रहेका सबै संयन्त्रहरूलाई क्रान्तिको बलले मात्र समाप्त पार्ने बताउनुभयो ।

सर्वहारा वर्गका महान् नेता माओ त्सेतुङले त पुरातन संस्कार, संस्कृति र आदतहरू समाप्त पार्न महान् सर्वहारा सांस्कृतिक क्रान्ति नै सञ्चालन गर्नुभयो । सर्वहारा सांस्कृतिक क्रान्ति सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको विज्ञान थियो । मानिसका पुराना आदतका सत्ताहरू भत्काएर नयाँ सत्ता, नयाँ संस्कृति स्थापना गर्न, टिकाइराख्न र विकास गर्न अझ सांस्कृतिक क्रान्ति निरन्तर सञ्चालन गरिरहनुपर्नेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, 'राजनीतिक सत्ताभन्दा आदतको सत्ता ढाल्न कठिन हुन्छ । विश्वदृष्टिकोणको समस्या समाधान गर्न माओले सांस्कृतिक क्रान्ति आरम्भ गर्नुभएको थियो । सांस्कृतिक क्रान्ति केवल सांस्कृतिक रूपान्तरणका लागि थिएन, यो त निरन्तर दार्शनिक क्रान्ति पनि थियो । उहाँले भन्नुभयो, 'औपनिवेशिक, अर्धऔपनिवेशिक र अर्धसामन्ती स्वरूपको समाजलाई एउटा स्वाधीन जनवादी समाजमा फेर्नु क्रान्तिको पहिलो पाइला हो । अनि क्रान्तिलाई अघि बढाएर समाजवादी सत्ताको निर्माण गर्नुचाहिँ यसको दोस्रो पाइला हो ।'

महान् जनयुद्धले खराब आदतको सत्ता भत्काएर मानिसमा वैज्ञानिक चेतना भर्न ठूलो सहयोग पुऱ्याएको हो । जनयुद्धकै जगमा निर्माण भएका हुन् त्याग, शौर्य र बलिदानमा सौन्दर्य देख्ने नयाँ संस्कार, संस्कृतिका चाडपर्वहरू । वास्तवमा जनयुद्धका मुख्य नेतृत्वकर्ताहरू नै आफ्नो आदतका पुराना सत्ताहरूतिरै मोहित भए र भैंसी पूजा गर्नेतिर लागे । कोही बाउआमालाई मठमन्दिर घुमाउने बहानामा मन्दिरमा छिरेर पूजापाठ गर्नेतिर लागे । कोही श्रीमतीको खुसीको बहानामा मन्दिरमा लाम लाग्न पुगे भने कोही सहिदका नाममा निर्मित सांस्कृतिक प्रतिष्ठानहरूको रकम भ्रष्टाचार गरी आफ्नो महल ठड्याएर त्याग, शौर्य र बलिदानको जगमा निर्मित संस्कृतिका ठाउँमा भ्रष्टाचार र दुराचारको संस्कृतिलाई प्रोत्साहन गर्नेतिर लागे । भ्रष्टाचार संस्कृतिका अगुवाहरूलाई जोगाउनेहरू नै यतिबेला मार्क्सवादी सौन्दर्यशास्त्रका एक नम्बरका पण्डित कहलाइएका छन् ।

जे होस्, रूढि, अन्धविश्वास र परम्परावाद क्रान्तिका बाधक तत्व हुन् । जुनसुकै बहानामा भए पनि तिनलाई प्रोत्साहन गर्ने र क्रान्तिमार्गलाई बाधा हाल्ने काम कसैबाट हुनु हुँदैन, झनै कम्युनिस्ट क्रान्तिकारी हौँ भन्नेहरूबाट त हुँदै हुँदैन । वैकल्पिक जनवादी संस्कार र संस्कृति निर्माण गर्नुको सट्टा संस्कार जोगाउने नाममा क्रान्तिका अगुवाहरू नै परम्परागत संस्कार र संस्कृतिमा निर्लिप्त हुने हो भने क्रान्ति तलबाट होइन, माथिबाटै आरम्भ गर्नुपर्ने हुन्छ । जनता, कार्यकर्ता र तल्लो वर्गका नेता नयाँ संस्कार र संस्कृति निर्माण गर्न अहोरात्र खटेर परम्रावादी समाजसँग लडिरहने अनि नेतृत्व वर्गचाहिँ भैंसीपूजा, सर्पपूजा र कुकुरपूजामा लहसिइरहने हो भने घाउ जहाँ छ मलम त्यहीँ लगाउनुपर्ने हुन्छ । सबैलाई चेतना भया ।

## जनगणतन्त्र कोरियाविरुद्धको ...

नीतिको कार्यान्वयन गर्न विभिन्न स्तरका नाकाबन्दी गर्दै आएको छ । अमेरिकाले जापानविरुद्ध आणविक हतियार प्रयोग गऱ्यो, संसारका विभिन्न देशका जनताविरुद्ध आधुनिक हातहतियार प्रयोग गरी राष्ट्रहरूलाई धम्क्याउने, बल प्रयोग गर्ने र विश्व जनसमुदायमाथि साम्राज्यवादी शोषण लाद्ने काम निरन्तर रूपमा गरिरहेको छ ।

६ अगस्ट २०१७ मा पनि अमेरिकाले "नाकाबन्दीसम्बन्धी प्रस्ताव २३७१" सुरक्षा परिषद्मा पेस गरी कोरियाको आर्थिक विकास, व्यापार, विनिमय र जनजीवनमा सुधारलाई रोक्न अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइलले 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा चुनौती' दिएको बहानामा आमनागरिकको विचार र प्रणालीको कत्लेआम गरी विश्वमाथिको आफ्नो धम्कीपूर्ण शासनलाई निरन्तरता दिन चाहन्छ ।

पछिल्लो प्रस्ताव २३७५ पारित गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसङ्घको सम्मेलनमा बोल्दै उत्तरकोरियालाई पूर्णतः नष्ट गर्नुको विकल्प नरहेको घोषणा गरे । यसले साम्राज्यवादी कित्ताको एकाधिकारवादी शासनको चरित्र र सङ्कटलाई प्रमाणित गर्दछ । जर्मन चान्सलर एङ्गेला मर्केल र अमेरिकी राष्ट्रपतिकी प्रत्यासी हिलारी क्लिन्टनले यसप्रति असहमति जनाए । मर्केलले ट्रम्पको भनाइ 'पूर्णतः अनुपयुक्त भएकाले यसप्रति आफ्नो पूर्ण असहमति रहेको' जनाइन् । श्रीमती क्लिनटनले 'ट्रम्पको भाषण धेरै डरलाग्दो, खतरनाक र महान् देशको राष्ट्रपतिले भन्नै नमिल्ने सन्देश हो' भनिन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले 'जति धेरै नताव बढ्छ, त्यति नै गलत परिणामको सम्भावना हुन्छ' भनेका छन् । इरानी परराष्ट्रमन्त्री जावद जरिफले 'ट्रम्पको असभ्य घृणात्मक भाषण २१ औं शताब्दीको संयुक्त राष्ट्रसङ्घको बैठकमा नभई आदिम कालमा हुनेजस्तो भएकाले जबाफ दिन लायक नभएको' बताएका छन् । स्विडेनका परराष्ट्रमन्त्री मार्गोट वालस्ट्रमले 'ट्रम्पको भाषण गलत समयमा गलत स्रोतालाई सुनाइएको' भनेका छन् । रुसी उपल्लो संसद्को विदेश मामिला समितिका प्रमुख कोन्स्टानटिन कोसचेभले 'सिरिया, क्युबा र भेनेजुयलालाई मानवइतिहासकै सबैभन्दा खराब तानाशाही शासनजस्तो गरी चित्रित गरिएको छ' भनेका छन् । भेनेजुयलाका परराष्ट्रमन्त्री जोर्गे एरियजाले भनेका छन्, 'कुनै नेताले आफ्नो देशको प्रजातन्त्रमाथि प्रश्न उठाउन, सार्वभौमसत्तामथि प्रश्न उठाउन सक्दैनन् । हामी राष्ट्रपति ट्रम्पको धम्की वा अरू कसैको चुनौतीलाई स्वीकार गर्दैनौं ।'

कोरियाले आफ्नो आत्मरक्षाका लागि उच्च गुणस्तरको आणविक क्षमताको विकास गर्दा अमेरिका तथा यसका सैनिक साझेदार राष्ट्रहरू आणविक अविस्तार सन्धिको कुरा उठाउँछन् । जब कि १२ जुन १९६८ मा आणविक अविस्तार सन्धिमा आणविक हातहतियार प्रविधिको विस्तारलाई रोक्दै आणविक ऊर्जा विकास गर्ने शान्तिपूर्ण प्रयोजनार्थ र थप निःशस्त्रीकरण हासिल गर्न शान्तिपूर्ण प्रयोगका लागि अन्तर्राष्ट्रिय आणविक शक्ति निकायले तोकेको सीमाभित्र रहेर विकास गर्न सकिने उल्लेख गरेको छ । तर सम्झौताविपरीत साम्राज्यवादी देशहरूले आणविक हातहतियार विकास र विस्तार गरिरहेका छन् । अमेरिकाले एसिया, अफ्रिका, युरोप र दक्षिणअमेरिकामा आफ्ना सैनिक अखडाहरूमा आणविक हातहतियारको विस्तार गरिरहेको छ । निःशस्त्रीकरणको त कुरै छोडिदिऊँ अमेरिकाले विभिन्न आणविक हातहतियारको विकास र प्रयोग मानवताविरुद्ध गरिरहेको छ । अमेरिका, फ्रान्स र बेलायतले खुल्लमखुला स्थायी रूपमा आणविक हतियारको महत्वाकाङ्क्षा पूरा गर्न र प्रभुत्वलाई फैलाउन सुरक्षापरिषद्लाई प्रभावमा पारी ऊर्जा र आत्मरक्षाका लागि आणविक शक्ति विकास गर्ने स्वाधीन राष्ट्रहरूमाथि सम्झौताको पालना नगरेको बहानामा नाकाबन्दीको प्रस्ताव पारित गर्ने गरेका छन् । तथाकथित आणविक शक्ति सम्पन्न राष्ट्रहरूले आफ्नो एकाधिकार साम्राज्यवादी शक्तिलाई कायम राख्न दोहोरो मापदण्ड लागू गरेका छन् । विभिन्न महादेशमा रहेका कमजोर देशहरूले आफ्नो सार्वभौमसत्ताको रक्षा, ऊर्जा विकास र आत्मरक्षाका लागि तयार गरिएका आणविक शक्तिलाई साम्राज्यवादीहरूले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खतरा भएको आरोप लगाई कि त ती देशहरूलाई नष्ट गर्ने कि ती अमेरिकाको गुलाम बन्नुपर्ने अन्यायपूर्ण धम्की र व्यवहार देखाउँदै आएका छन् ।

जब पिछडिएका राष्ट्र र जनता साम्राज्यवादको पञ्जाबाट मुक्त हुन, सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्न, आफ्नो जनताको आर्थिक उन्नति र समृद्धिका लागि आणविक शक्तिका लागि अगाडि बढ्दछन् तब साम्राज्यवादी पण्डितहरू ती देशहरूलाई उपदेश दिँदै जनताको कल्याणकारी व्यवस्थातिर जानुपर्ने भनी सल्लाह दिन्छन् । १६ अक्टोबर १९६४ मा माओको नेतृत्वमा रहेको चीनले आणविक हतियारको परीक्षण गर्दा अमेरिकी राष्ट्रपति जोन्सनले भनेको बेहोरालाई उद्धृत गर्दै पिपल्स डेलीले सम्पादकीयमार्फत लेखेको थियो, 'साम्राज्यवादीहरू जनताको शक्तिलाई कम आकलन गर्दछन् । आणविक हतियार हुनु चिनियाँ जनताका लागि दुःखद् विषय हो किनकि चीनसँग आणविक हतियार बनाउन सीमित स्रोतसाधन छ । त्यसलाई चिनियाँ जनताको कल्याणका लागि प्रयोग गर्नुपर्छ । हामीलाई राम्रोसँग थाहा छ, हामी स्रोतसाधनलाई साम्राज्यवादीको अतिक्रमणबाट जोगाउन अक्षम भयौं भने तिनीहरूले सबै स्रोतलाई नष्ट गरिदिनेछन् । चीनको आणविक हतियार दुःखद् हो भने त्यो अमेरिकी साम्राज्यवादका लागि मात्र हुनेछ किनकि अमेरिकी सपना आणविक हतियारको नाममा चीनलाई दास बनाउने हो । हामीसँग आणविक शक्ति भएपछि अमेरिकी एकाधिकार अन्त्य हुनेछ । राष्ट्रपति जोन्सनलाई सत्य कुरा बताउनुपर्दा चीनसँग आणविक हतियारभन्दा धेरै शक्तिशाली अजेय माओ विचार छ जुन महान् र कम्युनिस्ट पार्टीको सही नेतृत्व गर्दै ६५ करोड जनताको सुदृढ एकता र चेतनामार्फत उच्चस्तरीय समाजवादी प्रणाली स्थापना गर्न सक्षम भएको छ । यी हतियारमार्फत हामी कुनै पनि शत्रुलाई परास्त गर्न सक्छौं । कसरी अतिक्रमणकारी आणविक अस्त्रधारी अमेरिका शान्तिदूत अनि शान्तिप्रिय समाजवादी चीन मानवताका लागि दुर्भाग्य हुन्छ ?'

अहिले शान्तिप्रिय समाजवादी कोरियाका विरुद्ध अमेरिकी सत्ता शान्तिको पाठ सिकाउँदै वित्तीय संस्थालाई सो देशसँग कारोबार नगर्न धम्की दिँदै राष्ट्रपति ट्रप्पले भनेका छन्, 'विदेशी वित्तीय संस्थले अमेरिका वा उत्तरकोरिया र यसका सहयोगीमध्ये एकलाई छान्नु पर्नेछ । कोरियाली जनताको एकता अमेरिकी साम्राज्यवादका लागि डरलाग्दो सपना भएको छ ।'

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूले अमेरिकी पक्षधरता लिई युद्धका पक्षमा काम गर्दै कोरियाजस्ता साना राष्ट्रहरूलाई दबाउन भूमिका निर्वाह गरिरहेका छन् । यसले कोरियाली जनतालाई दुःख दिने, अर्थतन्त्र कमजोर बनाउने र बाँकी विश्वबाट अलग्याउने गर्दछ । यसका विरुद्ध जुनसुकै कदम चाल्ने अधिकार ती राष्ट्रलाई हुनुपर्दछ । दशकौंदेखि नाकाबन्दीको सामना गर्नु परे पनि कोरियाले जुछे विचारधाराका आधारमा स्वावलम्बी अर्थतन्त्र निर्माण गर्दै अभूतपूर्व रूपमा सबै कठिनाइलाई चिरेर लामो निशानाको आणविक शक्ति हासिल गरेको छ । माओले भनेझैँ सम्पूर्ण जनतालाई देशको रक्षार्थ सेना बनाउन सफल भएको छ ।

वास्तवमा सुरक्षा परिषद्का सदस्य राष्ट्रहरू कोरियाली प्रायःद्वीपमा हुने तनाव र शान्तिसुव्यवस्थामा आउने विचलनका लागि जिम्मेवार छन् । अमेरिकी साम्राज्यवादले युद्धको धम्कीसहित घोषणा गरिरहेको आर्थिक अपराधले विश्व शान्तिका लागि खतरा सिर्जना गरेको छ । नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी पिछलग्गु भई एकपक्षीय रूपमा उत्तरकोरियाको निन्दा गर्नु नेपाली जनताको भावनाविपरीत विषय हो र यसले जनमतको प्रतिनिधित्व गर्दैन ।

आणविक अप्रसार सन्धिको पूर्ण पालना गर्दै राष्ट्रहरूसँग भएका आणविक हातहतियार नष्ट गर्नुपर्दछ र यो कार्य अमेरिका, फ्रान्स, बेलायत, रुस, चीन, भारत, पाकिस्तान, इरान र कोरियामा क्रमशः सञ्चालित हुनुपर्दछ । आणविक होडबाजीमा खर्चिएको स्रोतसाधनलाई मानव कल्याणका लागि खर्च गर्नुपर्छ । नष्ट गर्ने कार्य सर्वप्रथम अमेरिकाबाट सुरु गर्नुपर्छ किनभने यसले जापानविरुद्ध आणविक हतियारको प्रयोग गरेको थियो । मानवइतिहासमा आणविक शक्तिको दुरुपयोग गर्ने राष्ट्रले धारण गरिरहेको शक्तिको क्रमशः नष्ट गर्नुपर्दछ ।

सम्पूर्ण हतियार नष्ट गरेपछि विश्वशान्ति कायम गर्न सकिन्छ । साम्राज्यवादी शक्तिहरू युद्धका नयाँ शृङ्खला ल्याउन लागिपरेको बेला जनताहरू क्रान्तिको नयाँ लहर ल्याउन एकताबद्ध हुनुपर्छ जसले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्दछ ।

*नेपाल कम्युनिस्ट पार्टीको स्थायी समिति सदस्य तथा अन्तर्राष्ट्रिय ब्युरोका इन्चार्ज धर्मेन्द्र बास्तोला 'कञ्चन' ले गत असोज १० गते काठमाडौँमा आयोजित गोष्ठीमा प्रस्तुत गर्नुभएको अङ्ग्रेजी भाषाको कार्यपत्रको नेपाली रूपान्तरण ।*







निर्देशक : **अनिल शर्मा**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ